मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर


राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

‘लोकतन्त्र सुदृढिकरणका लागि सबै एकजुट हुनु जरुरी छ’



पृष्ठ ५ मा

वर्ष ३ • अंक १६१ • २०८२ साल वैशाख १२ गते शुक्रबार • Friday 25, April 2025 • सूर्योदय: बिहान ५:३२ बजे • सूर्यास्त: साँझ ६:३५ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## सर्वोच्चको फैसला र आफ्नै मापदण्ड मिच्दै स्वास्थ्यमन्त्री

# निकटका कम्पनीबाट ३ करोडको औषधी किन्न आठ जिल्लामा परिपत्र



शत्रुधन सिंह कोइरी, स्वास्थ्यमन्त्री | राजेश कुमार मिश्र, निमित्त स्वास्थ्य सचिव | डा. सुनिल कुशवाह, निर्देशक प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनमत नेतृत्वको मधेश प्रदेश सरकारमा जनमत, नेपाली कांग्रेस, नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को भागवण्डा छ । मधेशमा योजना किनबेचको मुद्दा ठूलो बनाइएको छ । तर मधेशको भौतिक पूर्वाधार मन्त्रालय मात्रै होइन, सबै मन्त्रालयमा उस्तै बदमासी भइरहेको पाइएको छ । मधेशदृष्टिले सबै मन्त्रालयका गलत प्रवृत्तिमा कठोरसँग तथ्यसहित समाचार पनि बाहिर ल्याएकै छ ।

यसैक्रममा मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले आयुर्वेद औषधी खरिदमा बदमासीको नियतसहित मधेशका आठ जिल्लामा परिपत्र गरेको खुलासा भएको छ । प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयलाई गुणस्तरहीन र मापदण्डबिनाको आयुर्वेद औषधी खरिद गर्न निर्देशनात्मक दबाब दिँदै मन्त्रालयका मन्त्री शत्रुधन प्रसाद सिंह कोइरीको निर्णय भन्दै परिपत्र गरिएपछि कार्यालय प्रमुखहरु नै हच्किएका छन् । मन्त्रालयले २०८१ चैत ५ गते आर्थिक वर्ष २०८१–८२ का लागि स्वीकृत बजेटमा आयुर्वेद औषधी खरिदका लागि ‘डब्लुएचओ जिएमपी प्रमाणित’ कम्पनी हुनु पर्ने मापदण्ड लत्याएर औषधी व्यवस्था विभागमा दर्ता भएका उद्योगसँग औषधी किन्न दबाब दिँदै परिपत्र गरेर आफ्नै निर्णयमा मोसो दलेपछि कार्यालय प्रमुखहरु दोधारमा परेका छन् ।

मन्त्रालयको परिपत्रमा भनिएको छ, ‘मन्त्रालयको मिति २०८१–१२–५ गते ( माननीय मन्त्रीस्तर) को निर्णानुसार आव २०८१–८२ को जारी वार्षिक क्रियाकलाप सञ्चालन मार्गदर्शनमा आयुर्वेद औषधी खरिदको लागि डब्लुएचओ जिएमपी सर्टिफाइड कम्पनी हुनुपर्ने उल्लेख रहे पनि औषधी व्यवस्था विभागमा आयुर्वेद औषधी उत्पादक उद्योग दर्ता भै विभागबाट उत्पादन अनुज्ञा पत्र र बजार बिक्री वितरण प्रमाणपत्र प्राप्त गरी नविकरण अध्यावधिक भएका आयुर्वेद औषधी उद्योगबाट उत्पादित आयुर्वेद औषधीलाई सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को परिधिमा रही व्यावसायिक कार्य गर्न बाधा नपर्ने र हालको अवस्थामा आयुर्वेद औषधी खरिद कार्यको बोलपत्रको सूचना प्रकाशन गरिएको र बोलपत्रको सूचनाको म्याद रहेको हकमा समेत यो पत्र लागु हुनेगरी व्यहोरा जानकारी गराइन्छ ।’

२०७९ चैत १ गते सर्वोच्च अदालतको फैसलामा एलोपेथिक औषधी र परम्परागत औषधीमा एउटै मापदण्ड रहेकामा परम्परागत औषधीका लागि डब्लुएचओले जारी गरेको मापदण्ड तयार गरी लागु गराउन संरचनात्मक प्रबन्धक गर्न आदेश भएको थियो । तर परम्परागत औषधी कम्पनी दर्ता गर्दा मापदण्ड पालना गर्ने, साविकका कम्पनीका हकमा थप अवधि दुई वर्ष दिएर प्रबन्ध गराउने भनिएको थियो । औषधी व्यवस्था विभागको निर्देशनलाई पनि लत्याउँदै निजी स्वार्थ पूरा गर्न मन्त्री सिंहको मन्त्रीस्तरीय निर्णय भन्दै आर्थिक वर्ष सकिनलाग्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले परिपत्र गरेको हो ।

यसरी मन्त्री सिंह अनुकुलका कम्पनीका औषधी किन्न, औषधी व्यवस्था विभागको निर्देशन, सर्वोच्चको फैसला हुँदाहुँदै मधेशमा भने व्यापारिक स्वार्थ बोकेर महोत्तरीस्थित प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका डा. नन्दकिशोर प्रसाद कुशवाहालाई स्वास्थ्य मन्त्रालयमा काज ल्याएर पत्राचार गरिएको छ । उनलाई मन्त्रालय ल्याएर अनुकुलका औषधी कम्पनीसँग औषधी खरिदका लागि आधार तयार पार्दै परिपत्र गरिएको र परिपत्रमा उनै डा. कुशवाहले हस्ताक्षर पनि गरेका छन् । उनी आठौँ तहका अधिकृत हुन् ।

स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको मापदण्ड र सर्वोच्चको फैसलाका खिलाफमा गएर मधेश सरकारको स्वास्थ्य मन्त्रालयले आफू नजिकका कम्पनीसँग औषधी किन्न दबाब दिँदै परिपत्र गरेर ३ करोड रुपैयाँ बराबरको औषधी आफ्ना निकटका कम्पनीबाट किन्ने प्रपञ्च रचेको हो । मन्त्रालयले निहित स्वार्थका लागि उभोक्ता अधिकार, संविधानप्रदत्त अधिकारको खिलाफमा गएको पाइएको छ । यस्तो औषधी सेवनबाट जनसाधारणको जिउधनमा समेत असर पर्न सक्ने गभ्मीर विषयमा पनि मन्त्री र मधेश सरकारले मजाक गरेको पाइएको छ ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामलाइ प्रेषित निर्णयमा समेत डब्लुएचओ जिएमपी प्रमाणिकरण नभएका कम्पनीलाई औषधी खरिद प्रक्रिया नगराइने भनिएको छ । तर मन्त्रालयले यसको बेवास्ता गर्दै आर्थिक वर्ष सकिनलाग्दा औषधी खरिद गर्न उर्दी जारी गरेको छ । प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र व्यवस्थापनबाट दुई करोड रुपैयाँ र प्रत्येक जिल्ला आयुर्वेद अस्पताललाई १० लाख रुपैयाँको औषधी खरिदका लागि बजेट छुट्याइएको छ । डा. नन्द किशोर कुशवाहका नाममा परिपत्र नै जारी गरेर औषधी खरिदका लागि दबाब दिइएको हो । मन्त्रीको स्वार्थ र प्रदेश स्वास्थ्य सचिवको विवादले प्रदेश स्वास्थ्य आपूर्ति औषधी व्यवस्थापन केन्द्रले हालसम्म कुनै पनि स्वास्थ्य संस्थालाई औषधी र उपकरण दिन सकेको छैन । प्रादेशिक अस्पताल सिरहाका डा. सुनिल कुशवाहलाई केन्द्रमा जिम्मेवारी दिएको छ । उनले आफू अनुकुल टेण्डर निकाल्ने, भएका बोलपत्र रद्द गराउने काम गरिरहेका छन् । उनले निकटकालाई काजमा बोलाएर काम दिलाएका छन् । आपूर्ति व्यवस्थापन केन्द्रको खरिद प्रक्रिया नै अस्तव्यस्त भएको पाइएको छ । यसमा मन्त्री सिंह आफैँ स्वार्थअनुकुल यसरी सर्वोच्चको फैसला र स्वास्थ्य मन्त्रालयकै मापदण्डविपरीत निर्णय भन्दै अनुकुलका कर्मचारी बोलाएर परिपत्र जारी गराउँदै औषधी कम्पनीको कमिसनमा लिप्त भएको पाइएको छ ।

## प्रमाण नष्ट गर्नसक्ने भन्दै खानेपानी मन्त्री यादवलाई निलम्बन गर्न उजुरी

*आफ्नो पुनर्बहाली, मन्त्री प्रदीप यादवको कथित अनियमितताामाथि छानबिन, खानेपानी क्षेत्रमा व्यक्तिगत स्वार्थको हस्तक्षेप रोक्ने नीति निर्माण र मन्त्रीलाई निलम्बन गरी संसदीय छानबिन समिति गठन । मन्त्रीले प्रमाण नष्ट गर्न सक्ने भन्दै तत्काल निलम्बन माग ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

संघीय सरकारका खानेपानी मन्त्री प्रदीपकुमार यादवलाई निलम्बनको मागसहित उजुरी परेको छ । त्यो पनि उनकै विभागीय मन्त्रालयका कर्मचारीबाट । पर्साका सांसद यादव यसअघि पुष्पकमल दाहाल प्रचण्ड सरकारमा स्वास्थ्यमन्त्री थिए भने केपी शर्मा ओली सरकारमा जसपा नेपाल पार्टी विभाजन गरी जसपा नेपाल बनाएर उपमहासचिव एवम् सरकारमा खानेपानी मन्त्री छन् । मन्त्री यादवलाई संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरका पूर्व कार्यबाहक आयोजना प्रमुख इ दीपेन्द्र कुमार साहले व्यक्तिगत स्वार्थका लागि आयोजनामा अवरोध गरेको आरोप लगाउँदै उजुरी गरेका हुन् । उनले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष उजुरी दर्ता गर्दै मन्त्रीलाई तत्काल निलम्बन गरी उच्चस्तरीय छानबिन माग गरेका छन् ।

**साहले खानेपानी मन्त्रीलाई लगाएक आरोप यस्ता छन्ः**

उजुरीका अनुसार, जनकपुर आयोजनामा इञ्जिनियर र कार्यबाहक आयोजना प्रमुखको जिम्मेवारी सम्हाल्दा रोकिएका महत्त्वपूर्ण ठेक्का अघि बढेका थिए र आयोजनाले गति लिएको थियो । तर, मन्त्री यादवको निर्णयबाट उनको सरुवा भएपछि आयोजनाको प्रगति ठप्प भएको छ र स्वच्छ खानेपानीको नागरिक अधिकार प्रभावित भएको छ ।

यस्तै, मन्त्री यादवले नजिकका व्यक्तिमार्फत आयोजनाका कार्यमा व्यक्तिगत लाभ लिएका छन् । यो अनियमितताको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही र आयोजनाको कामलाई गति दिन आफूलाई पुनः जिम्मेवारी दिनुपर्ने उनको माग छ । साहले भनेका छन्, ‘खानेपानी जस्तो संवेदनशील क्षेत्रमा अनियमितता र विवादको मुद्दालाई सतहमा ल्याउने काम मन्त्रीबाट भएको छ ।’ प्रधानमन्त्री कार्यालयमै दर्ता भएको र सञ्चारमाध्यमका पनि सार्वजनिक भएको पत्रले मन्त्री यादवमाथि नैतिक दबाब पर्ने देखिन्छ । प्रधानमन्त्रीको इच्छाविपरीत चल्दा बुधबार मात्रै ऊर्जाराज्यमन्त्री पूर्णबहादुर तामाङ पदमुक्त भएका थिए । यो घटनाले जनता समाजवाद्धी पार्टीका उपमहासचिवसमेत रहेका यादवलाई अर्को पनि आरोप लागेको छ कि उनी वीरगंजका हुन् र उनले मधेशकै राजधानी जनकपुरका खानेपानी योजनामा पनि स्वार्थको सुँड छिराएर जनकपुरबासीलाई क्रुद्ध बनाएका छन् ।

## सिके राउतः घर टुट्यो, पार्टी जुट्दै

*डा. सिके राउतले पत्नी सिन्धुलाई आजीवन मासिक ३३ हजार रुपैयाँ दिनुपर्ने उल्लेख छ । महंगीको आधारमा यो रकम बर्सेनि १० प्रतिशतका दरले बढ्ने छ । यस्तै, राउतले पत्नीलाई अंशबापत काठमाडौँ उपत्यकामा दिएको जग्गामा घर बनाइदिनुपर्नेछ । राउतको भागमा पर्ने पैतृक सम्पत्तिलाई ५ भाग (छोराछोरीसहित) लगाएर एक हिस्सा पत्नीलाई दिने मिलापत्रमा उल्लेख छ । मिलापत्रबमोजिम ३ सन्तानको जिम्मा सिकेले लिनेछन् । बच्चाको भागमा परेको सम्पत्ति पनि सिकेकै नाममा रहनेछ । सिकेले भविष्यमा आर्जन गर्ने सम्पत्तिमा पत्नीको हक नलाग्ने भएको छ । छोराछोरी भने हकवाला कायम रहनेछन् ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**




पछिल्ला दुई दिनदेखि फेसबुक र टिकटकमा पत्नी सोनी र बालबच्चाको तस्बिर राखेर भावुक देखिएको देखाउन खोजे पनि अन्ततः सँगै नबस्ने गरी जनमत पार्टीका अध्यक्ष सिके राउतको वैवाहिक सम्बन्धको मुद्दा टुंगिएको छ । राउत र पत्नी सोनी सिन्धु रानीबीच देखिएको विवाद सल्टिएको छ । राउतले पत्नीविरुद्ध सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराएपछि दुवै जनाबीचको विवाद चरममा पुगेको थियो । मंगलबार दुवैबीच सहमति भएको छ । सहमति भएपछि डा. राउतले आफ्नो सामाजिक सञ्जालमा श्रीमतीसहित बच्चा राखेर टिकटक बनाएका छन् भने आफ्नो सामाजिक सञ्जालको पेजमा समेत श्रीमतीसहितको तस्बिर राखेका छन् । तर दुवै जनाबीच भएको सहमतिको विषयमा उनकी श्रीमती रानीले सामाजिक सञ्जालमा प्रष्ट पारेकी छन्, उनले फेसबुकमा लेखेकी छन्, ‘मंगलबार वैशाख ९ गते मेरो श्रीमानले ममाथि चलिरहेको सम्बन्ध विच्छेदको मुद्दा फिर्ता लिनु भएको छ । म बच्चाहरुसँग छुट्टै बस्ने गरी फैसला भएको छ । गलतफहमी नराख्नु धन्यवाद !’

ललितपुर जिल्ला अदालतकी न्यायाधीश निर्मला योञ्याको इजलासले वैवाहिक नाता कायम रहने गरी बुधबार मिलापत्रमा मुद्दाको टुंगो लगाइदिएको हो । मंगलबार दुवैबीच छलफल भएर सहमति भएपछि बुधबार अदालतबाट सहमति गराइएको हो । प्रतिनिधि सभाका सांसदसमेत रहेका राउतले पत्नी सोनी सिन्धु रानीसँग सम्बन्धविच्छेद गरिपाऊँ भनी २०८१ भदौमा निवेदन दिएका थिए । तर, अदालतले सम्बन्धविच्छेद नगरी अलगअलग रहन अनुमति दिएको हो । राउतले श्रीमती मानसिक रोगी रहेको जस्ता आरोपसमेत लगाएका थिए भने श्रीमतीले समेत आफूमाथि मानसिक यातना दिएको, श्रीमती जस्तो व्यवहार प्रदर्शन नगरेको आरोप लगाएकी थिइन् । कतिपयले उनको दाजु जयकान्त राउतका कारण दुवैबीच सम्बन्धमा समस्या आएको आँकलन गरेका थिए ।

श्रीमतीसँगको विवाद बढेपछि राउतको आफ्नै पार्टीमा समेत आलोचना भएको थियो । राउतमाथि श्रीमतीलाई मानसिक यातना दिएको आरोप थियो भने पत्नीले प्रहरीसम्म पुगेर शान्ति सुरक्षा समेत माग गरेकी थिइन् । अदालतका सूचना अधिकारी रामजीवन महतोका अनुसार मिलापत्रको आदेशमा राउतले पत्नी सिन्धुलाई आजीवन मासिक ३३ हजार रुपैयाँ दिनुपर्ने उल्लेख छ ।

महंगीको आधारमा यो रकम बर्सेनि १० प्रतिशतका दरले बढ्ने छ । यस्तै, राउतले पत्नीलाई अंशबापत काठमाडौँ उपत्यकामा दिएको जग्गामा घर बनाइदिनुपर्नेछ । राउतको भागमा पर्ने पैतृक सम्पत्तिलाई ५ भाग (छोराछोरीसहित) लगाएर एक हिस्सा पत्नीलाई दिने मिलापत्रमा उल्लेख छ ।

मिलापत्रबमोजिम ३ सन्तानको जिम्मा सिकेले लिनेछन् । बच्चाको भागमा परेको सम्पत्ति पनि सिकेकै नाममा रहनेछ । सिकेले भविष्यमा आर्जन गर्ने सम्पत्तिमा पत्नीको हक नलाग्ने भएको छ । छोराछोरी भने हकवाला कायम रहनेछन् ।

सम्बन्धविच्छेदको मुद्दा मिलापत्रमा टुंगिएलगत्तै राउतले बुधबार सामाजिक सञ्जाल फेसबुकमा पत्नीसहितको तस्बिर राखेका छन् । मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले समेत राउत दम्पतीको तस्बिर सेयर गरेका छन् । राउतले आफ्नो सामाजिक सञ्जालमा श्रीमतीसहित फोटो राखेपछि धेरैले विवाद सल्टिएकोमा शुभकामना समेत दिएका छन् ।

## वैशाख १७ गते पार्टी एकीकरण हुने

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले वैशाख १७ गते नागरिक उन्मुक्ति पार्टीसँग एकता घोषणाको तयारी भइरहेको बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत उनले जनमत र नागरिक उन्मुक्तिबीच एकता घोषणाको तयारी भइरहेको बताएका हुन् ।

‘जनताको भावना र आकांक्षा एकता भएकाले हामी एकताको लागि अगाडि बढ्ने नै छौँ । एकता हुन्छ नै,’ अध्यक्ष राउतले लेखेका छन्, ‘वैशाख १७ गते जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच घोषणाको तयारी गर्दैछौँ ।’

उनले जनमत र नागरिक उन्मुक्तिबीच एकता हुन लागेपछि धेरै पार्टी र शक्तिको निन्द्रा उडेको पनि दाबी गरेका छन् । ‘धेरै पार्टी र शक्तिको अहिले निद्रा उडेको छ । किनकि आन्दोलन र जनताको बीचबाट आएको, जनताको पक्षमा काम गर्ने, एउटा नयाँ शक्तिशाली पार्टी नेपालमा उदय हुने क्रममा छ,’ उनको भनाइ छ, ‘नेपालकै राजनीतिमा दूरगामी प्रभाव पार्ने र इतिहासमै नभएको अभूतपूर्व मिलन र एकता हुँदैछ ।’

राउतले दुई दलबीच एकता हुन नदिन षड्यन्त्र भइरहेको पनि उल्लेख गरेका छन् । ‘तर हामीलाई शक्तिशाली देख्न नचाहने तत्वहरूले हामीलाई (जनमत र नाउपा दुइटैलाई) तहसनहस गर्नका लागि विगत ७–८ महिनादेखि कुनै कसर बाँकी राखेका छैनन्,’ उनले लेखेका छन् । अध्यक्ष राउतले परिवारमा झगडा गराउनेदेखि आफूलाई ज्यान मार्ने धम्की र रेशम चौधरीलाई फेरि पक्राउ गराइदिने धम्की दिएर एकता हुन नदिने प्रपञ्च भइरहेको पनि बताएका छन् ।

‘परिवारमा झगडा लगाएर फुट ल्याएर होस् कि पार्टी भित्रैका पदाधिकारीमाथि पैसा, गाडी, साधनस्रोत प्रयोग गरेर होस्, कि मिडियामा नानाभाँती समाचार लेखाएर बदनाम गर्दै चरित्र हत्या गर्दै निरूत्साहित गर्न होस्, कि कहिले धर्म त कहिले जातिको नाममा आक्रमण गराएर होस्, कि पार्टी फुटाइदिने षड्यन्त्र होस्, कि केन्द्रीय सदस्य र सांसदहरू नै खरिद गरिदिने प्रपञ्च होस्, कि मलाई ज्यान मार्ने वा रेशमजीलाई पुनः पक्राउ गराइदिने धम्की होस्, कुनै पनि कसर बाँकी राखेका छैनन्,’ उनले लेखेका छन् ।

# ‘मानव अधिकार अवस्थाको सही विश्लेषण आवश्वयक’



**विराटनगर ।**
कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले देशको कमजोर अर्थतन्त्रले सोंचेजस्तो, चाहेजस्तो परिवर्तन गर्न नसकिएको स्विकार गरेका छन् । मानव अधिकारको विश्वश्यापी आवद्यिक समीक्षा (युपीआर) चौथो चरणका लागि गैरसकारी संस्थाले तयार पारेको प्रतिवेदन अनुमोदनका लागि विराटनगरमा आयोजित प्रदेशस्तरीय कार्यशालालाई सम्बोधन गर्दै मन्त्री भण्डारीले देशको कमजोर अवस्था स्विकारेका हुन् । ‘देशको अर्थतन्त्र र बजेट राम्रो भए मौलिक हकका सबै विषय नभए पनि ९० प्रतिशत सम्बोधन गर्न सकिन्थ्यो ।’

मन्त्री भण्डारीले भने, ‘क्रमशः बजेट बढाउँदै, सचेतना फैलाउँदै, सशक्तिकरण गर्दै गएका छौ, क्रमिक रुपमा सुधार देखिँदै गएको छ ।’

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि मानिसको आयु ४९ बाट ७५ पुगेको तथा प्रतिव्यक्ति आय १ सय ८६ बाट १ हजार ४ सय डलर पुगेको जानकारी दिँदै उनले ०४७ सालअघि, ०६२–६३ अघि र पछिको मानव अधिकारको अवस्थाको सही विश्लेषण गर्न आवश्यक रहेको बताए । हरेक नागरिकले प्राप्त गर्ने अधिकारमा राज्यबाट कुनै विभेद नभएको तर विशेष अवस्थामा पछाडि पारिएका विशेष समूह, वर्गलाई राज्यले विशेष महत्व दिने गरेको उनले बताए ।

ऐतिहासिकताका सन्दर्भमा महिला, दलितलगायतमाथि परम्पराका नाममा व्यक्ति र समुदायबाट भइरहेको विभेदलाई राज्यले गरेको भन्न नमिल्ने मन्त्री भण्डारीले बताए । मन्त्री भण्डारीले धनी भए ठूलो मान्छे कहलिने शिक्षासहितको हाम्रो संस्कारले नै भ्रष्ट बन्न सिकाइरहेको बताए । हिंसा पीडितको उजुरी लिने र कारवाही गर्ने कुरामा राज्यले शून्य सहनशीलता अपनाएको भन्दै उनले कतिपय कुरा राज्यसंयन्त्रमा बसेका व्यक्तिको क्षमताका आधारमा कानुन कार्यान्वयनको प्रभावकारितामा फरक पर्ने गरेको बताए ।

कार्यशालामा कोशी प्रदेश सभाकी उपसभामुख सृजना दनुवारले राज्यले नदेखेका मानव अधिकार हननका सवालहरूलाई नै प्रतिवेदनमा समावेश गर्नुपर्ने बताइन् । उनले मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणका लागि राज्य एक्लैले नसक्ने भएकाले सबैको सहयोग र सहकार्य आवश्यक रहेको बताइन् । राज्यले सदैव राम्रो गरेको ठान्ने गरेपनि मानव अधिकारका सवालमा गरेका प्रतिवद्धता कार्यान्वयन भए, नभएको भनेर मानव अधिकार परिषद्‌ले गैरसरकारी संस्थाको प्रतिवेदनसमेत नियाल्ने गरेकोले पुरक प्रतिवेदनले महत्वपूर्ण भूमिका खेल्ने बताइन् । उनले भनिन्, ‘कानुन बनेको छ, कार्यान्वयनमा समस्या देखिएका कारण कार्यान्वयन पक्षलाई बलियो बनाउनु पर्छ ।’ कानुन बनेको छ, समाजको मूल्यमान्यता, परम्परा, संस्कारले गर्दा अन्याय भयो, हिंसा कायम रह्यो भनेर राज्यले छुट नपाउने भन्नुहुँदै दनुवारले आर्थिक रुपले असमानताको खाडल नपुरी समानता नल्याएसम्म कानुन कार्यान्वयन गर्न पनि नसकिने धारणा राखिन ।

कार्यक्रममा कोशी प्रदेशसभा सामाजिक विकास समितिका सभापति गयानन्द मण्डलले मानव अधिकार हननका घटना न्यूनीकरणका लागि शिक्षालाई जोड दिनुपर्ने धारणा राखे ।

उनले शिक्षाको विषय संविधानमा मौलिक हक, दीगो विकास लक्ष्यको एउटा कडी भएकाले नेपालले शिक्षाका क्षेत्रमा गरेका प्रतिवद्धता कार्यान्वयनको अवस्था विश्लेषण गरी युपीआर प्रतिवेदनमा समेट्न जरूरी भएको बताए । उनले शिक्षाको स्तर र साक्षरता बढेसँगै मानिसले अन्यायको प्रतिरोध गर्ने भएकाले प्रतिदिन मानव अधिकारको अवस्था सुधार भएको बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति मोरङकी उपप्रमुख उषा झाले सबैको मानव अधिकारका लागि सबैले सम्मानजनक ढंगले बाँच्न पाउने अवस्था सृजनाका लागि सरोकारवालाले सकारात्मक किसिमले भूमिका खेल्नुपर्ने बताइन् । उनले मानव अधिकारको प्रत्याभूति गराउन पछाडि परेकाहरुको विषय उठाउन, समेट्न जरूरी भएको बताइन् ।

कार्यक्रममा मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले निरक्षरता र गरिबी नै विभेद, असमानता र मानव अधिकार उल्लङ्घनको मुख्य कारक भएको बताए । उनले आर्थिक विकासका लागि मानविय विकास जरुरी रहेको बताए ।

इन्सेक कोशी प्रदेश कार्यालयका संयोजक मनोहर पोखरेलले गैसस संस्थाहरुको पुरक प्रतिवेदनले देशको वास्तविक अवस्था चित्रण गर्ने दावी गरे । देशमा बनेका नीति, कानुन र त्यस्को कार्यान्वयनको अवस्था, महासन्धी अनुकूल हुनुपर्ने कुरा, देशमा मानव अधिकारका पक्षमा भएका र हुन बाँकी रहेका कुराका साथै व्यवहारिक कठिनाइ पनि देखाइने भएकाले गैससले बुझाउने प्रतिवेदन सरकारको विपक्षका रुपमा नभई राज्यले प्रतिबद्धता गरेको मानव अधिकार स्मरण गराउने तथा प्रत्याभूत, पालना र कार्यान्वयन गराउने सहयोगीका रुपमा बुझ्न पोखरेलले आग्रह गरे ।

विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदनको स्वरुप, प्रक्रिया र मुद्दाहरुको विषयमा सरोकारवालालाई जानकारी दिने र सुझाव लिने उद्देश्यले आयोजित कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत यमराज आङदेम्बे, एकल महिला समूह मोरङकी अध्यक्ष चुडा भट्टराई, राष्ट्रिय अपाङ्ग महासंघका सरोज नेपाली, परिवर्तनशील समाजकी मुस्कान श्रेष्ठ, अधिकारकर्मीहरु देवी बास्कोटा, ब्युटी श्रेष्ठ, प्रकाश परियारलगायतकाले प्रतिवेदनमा समेटनु पर्ने विषयका बारेमा बोलेका थिए । कार्यशालामा अधिवक्ता डाक्टर विद्या चापागाई र इन्सेकको मानव अधिकार वहस तथा पैरवी विभाग प्रमुख अधिवक्ता सम्झा श्रेष्ठले मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका विषयमा कार्यपत्र र प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# पहलगाम आतंककारी आक्रमणको लोसपा नेपालद्धारा निन्दा

**आरके श्रीवास्तव**
**रौतहट ।**
भारत जम्मु काश्मीरको पहलगाम घटनाप्रति लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालद्धारा निन्दा तथा भर्तसना गरिएको छ । गत मंगलवार जम्मु कश्मिरको पहलगममा भएको आंतवादी आक्रमणमा बुटवल निवासी सुदिप न्यौपानेसहित २६ जना पर्यटकहरुको मृत्यु भएको घटनाको कडा शब्दमा लोसपाले निन्दा गरेको हो । केही गम्भीर घाइते भएकोमा यस आतंककारी आक्रमणको लोसपा नेपालले निन्दा तथा भर्तसना गरेको छ ।

पार्टी अध्यक्ष महन्थ ठाकुले एक विज्ञप्ति जारी गर्दै मृतकहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमो सम्वेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ —‘आतंकवादको कुनै धर्म,राष्ट्रियता र स्वीकार्यता हुँदैन । तसर्थ यसको विरुद्धमा सम्पूर्ण विश्व जगत एक भइ लडनु पर्ने आजको आवश्यकता रहेको लोसपा नेपालले जोड दिएको छ ।’ भारतको जम्मु काश्मीरमा भएको सो हमलाको चौतर्फी विरोध एवम् निन्दा भइरहेको छ । यसै क्रममा लोसपा नेपालले आफ्नो आधिकारीक धारण सार्वजनिक गरेको छ ।

# रक्तसञ्चार केन्द्रलाई १ लाख सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर–१० को वडा कार्यलयले रक्तसञ्चार केन्द्र वीरगंजलाई १ लाख रुपैयाँ प्रदान गरेको छ । वडाका नागरिक बिरामी परेर रगत चढाउन परेमा रक्तसञ्चार केन्द्रमा रगत परीक्षण बापत लाग्ने शुल्क निःशुल्क गराउनका लागि वडा कार्यालयले उक्त रकम रक्त सञ्चार केन्द्रलाई प्रदान गरेको हो । बिहीबार वडा कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको उपस्थितिमा वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानुले १ लाख रुपैयाँको चेक नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति बृजकिशोर पटेललाई प्रदान गरे । यसैबिच वडा कार्यालय परिसरमा आयोजित कार्यक्रममा १ महिलासहित ५२ जनाले रक्तदान गरेको वडाध्यक्ष सुशील कुमार कानुले जानकारी दिए ।

# ७ करोडभन्दा बढी राजस्व सङ्कलन

**मधेशदृष्टि**
**वीरगंज ।**
बारास्थित यातायात व्यवस्था कार्यालय कलैयाले चालु आर्थिक वर्षको वैशाख पहिलो सातासम्ममा ७ करोड ३६ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ । कार्यालय प्रमुख अविन्दर दासले कार्यालयले सङ्कलन गर्ने राजस्व पछिल्लो समय उत्साहजनक ढङ्गले वृद्धि भइरहेको र यस अवधिसम्म सात करोड ३६ लाख ५७ हजार ६७५ रुपैयाँ राजस्व सङ्कलन भएको जानकारी दिए । कार्यालयले साउनदेखि माघको पहिलो सातासम्म चार करोड ३० लाख राजस्व सङ्कलन गरेको थियो । त्यसयता वैशाखको पहिलो सातासम्म तीन करोड ६ लाख ५५ हजार राजस्व सङ्कलन भएको छ । कार्यालयले चालु आवमा करिब १० करोड राजस्व सङ्कलन हुने अनुमान गरेको छ ।

# रक्तदान कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज वचत तथा ऋण सहकारी संस्थाको आयोजनामा बिहीबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

संस्थाको २७औं स्थापना दिवसको अवसर पारेर आयोजित कार्यक्रममा ४० जनाले रक्तदान गरेका छन् । ९ जना महिलासहित ४० जनाले रक्तदान गरेको संस्थाका अध्यक्ष डिल्ली विक्रम कार्कीले जानकारी दिए ।संस्थाले वचत तथा ऋणको कारोवार गर्नुका साथै सामाजिक उत्तरदायित्वका कार्यलाई समेत अघि बढाउदै आएको उनले बताए ।

# एकैदिन १५ प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरूले एकै दिनमा १५ जना प्रतिवादीलाई पक्राउ गरेको छ । फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत प्रहरीले १५ जनालाई जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरेको हो । जिल्ला अदालत रौतहटबाट दोषी ठहर भई दण्ड सजाय तोकिएर फरार रहेका उनीहरूलाई फैसला कार्यान्वयन अन्तर्गत पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताए । जिल्ला प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत यस आर्थिक वर्षमा हालसम्म १ हजार भन्दा बढी मानिस पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# धनौजीमा प्रारम्भिक अन्तरक्रिया सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनौजी गाउँपालिका–२ स्थित शसस्त्र प्रहरी क्याम्प परिसरमा निर्माण हुन लागेको बाँसको गोल घेरा प्रतिक्षालयको शिलान्यास गरिनुका साथै ह्याबिटेट फर ह्यूमिनिटी नेपाल, रतौली युवा क्लब र गाउँपालिकाको संयुक्त साझेदारीमा प्रारम्भिक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

गाउँपालिका अध्यक्ष राजकुमार साहको अध्यक्षतामा आयोजित कार्यक्रमले ग्रामीण पूर्वाधार विकास, वातावरणमैत्री निर्माण प्रविधि र समुदाय–सुरक्षा सहकार्यबारे गहन छलफल गर्यो । अध्यक्ष साहले भने, ‘हामी अब निर्माणलाई केवल पक्की भवन निर्माणको दृष्टिकोणबाट मात्र हेर्दैनौं, प्राकृतिक स्रोत र वातावरणीय सन्तुलनमा समेत जोड दिन थालेका छौं । बाँसबाट निर्माण हुने प्रतिक्षालय यसको स्पष्ट उदाहरण हो ।’

कार्यक्रममा बोल्दै वडा नम्बर–२ का वडाध्यक्ष रामनारायण यादवले भने, ‘विकासले जनतालाई छोएको महसुस गराउने यस्ता परियोजनाहरूले स्थानीय स्तरमा सहकार्य र स्वामित्वको भावना बलियो बनाउँछ ।’ उनले थपे, ‘यस किसिमको संरचना हाम्रो गाउँको पहिचान र शहरीकरणको समावेशी स्वरूपको संकेत हो ।’

शसस्त्र प्रहरी क्याम्प धनौजीका प्रमुख दीपक कुमार साहले यस्तो संरचना क्याम्पको आसपासमा निर्माण हुनुले नागरिक–सुरक्षा निकायबीचको विश्वासलाई थप मजबुत बनाउने बताए । ‘हामी सुरक्षा प्रदान गर्छौं । तर, यस्तो किसिमको संरचनाले सुरक्षा क्षेत्रमा नागरिकको पहुँच र आत्मीयता बढाउँछ,’ उनले भने ।

गोल घेरा प्रतिक्षालयको निर्माण कार्य शाह हेम्प इनोभेन्चरले गर्नेछ । कम्पनीले वातावरणमैत्री निर्माण सामग्री र प्रविधिमा विशेषज्ञता राखेको छ । यो संरचना प्रतिक्षा स्थल मात्रै नभएर स्थानीय स्रोत र सीपको उपयोगद्वारा आर्थिक सशक्तीकरणतर्फको एउटा संकेत पनि हुनेछ ।

कार्यक्रममा धनौजी गाउँपालिकाका इन्जिनियर धिरज कुमार कर्ण, रतौली युवा क्लवको तर्फबाट कार्यक्रम संयोजक निरज कुमार सिंह, शाह हेम्प इनोभेन्चरका धिरज कुमार साह, निवेदिता साहलगायत स्थानीयको उपस्थिती रहेको थियो । कार्यक्रममा सहभागीहरूले यस्तो परियोजना ग्रामीण तहमा धेरै हुनुपर्नेमा जोड दिए ।

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग
वीरगंज, पर्सा

## सिरसिया नदी प्रदूषण सम्बन्धि उद्योग विभागको सूचना ।

सिरसिया नदी करीडोरमा स्थित रहेको उद्योगहरुवाट निश्कासन हुने फोहरहरु (Solid Waste र Wastewater) उक्त नदीमा बिना उपचार विषर्जन गर्ने सन्दर्भमा उद्योग दर्ताका बखत कबुल गरेका शर्तहरु अनुसार फोहोरको उपचार गरी विषर्जन गर्ने वा गरेको रहेनछ भन्ने ३० दिन भित्र फोहोर उपचार गर्ने पूर्वाधार तयार गर्ने र सो उप्रान्त अनुगमन गर्दा विना उपचार फोहोर विषर्जन गरेको तथा तोकेका शर्तहरु पुरा नगरेको पाईएमा प्रचलित कानून अनुसार कारवाहीको प्रक्रिया अगाडी बढाउने जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सुशिल कुमार साह**
महानिर्देशक

बोदेबरसाईन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बोदेबरसाईन, सप्तरी

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२।०१।१२

यस नगरपालिकाको कार्यालयबाट मिति २०८१।१२।०८ गते अनलाइन र अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्याँकनबाट सारभूत रुपमा न्यूनतम मुल्याँकित प्रभाबग्राही देखिएको देहाय वमोजिमका बोलपत्र स्वीकृतिका लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित ) |
|---|---|---|---|---|
| १ | BBMS/NCB/Works/2081/082-05 | वडा नं.५, बरसाईन टोल नजिक हुलाकी सडक- रामशिष पालको घर – पानी टंकी हुदै शत्रुधन क्याम्पस सम्म सडक स्तर उन्नती | इशान्भी कन्स्ट्रक्सन प्रा.लि.,चन्द्रागिरी, काठमाण्डौं । | २२,८३,८४३।१५ (बाईस लाख त्रियासी हजार आठ सय त्रिचालिस र पैसा पन्द्र मात्र) |

- प्रमुख प्रशासकीय अधिकृत

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
जनकपुरधाम, धनुषा, नेपाल

## वोलपत्र रद्द गरिएको सुचना

**सुचना प्रकाशन मितिः २०८२/०१/१२**

प्रस्तुत विषयमा यस स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधाम, धनुषाको मिति २०८२/०१/११ गतेको निर्णयानुसार तपसिलका ठेक्काहरु रद्द गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. IFB No. MP/PHLMC/NCB/GOODS-25.1/2081-082 को The Procurement and Supply of Free Essential Medicines (Package 1)
२. IFB No. MP/PHLMC/NCB/GOODS-25.2/2081-082 को The Procurement and Supply of Free Medicines For surgical Item (Package II)

# उद्घाटनको समयमा विवादमा घण्टाघर

**राकेश यादव**
**गौर ।**

रौतहट जिल्लाको सदरमुकाम गौरको मध्यभाग वडा नम्बर ३ र ५ को सिमामा निर्माण भएको घण्टाघर विवादमा परेको छ । प्रजातन्त्रको लागि शहादत प्राप्त नेपाली कांग्रेसका जननेता वीपी कोइरालाको शालिक भएको ठाउँमा नगरपालिकाको आर्थिक सहयोगमा निर्माण कार्य सम्पन्न भई उद्घाटनको बेलामा वीपी स्मारक सहितको घण्टाघर विवादित भएको हो । मधेश आन्दोलन २०६२÷०६३ को बेला स्थापना गरिएको वीपीको शालिक तोडिएको थियो । पहिलो स्थानीय तहको निर्वाचनमा गौर नगरपालिकाका नगर प्रमुखमा अजय गुप्ता निर्वाचित भएपछि सो ठाउँमा घण्टाघर निर्माण गराउन शिलान्यास गर्दा नेपाली कांग्रेसका नेता कार्यकर्ताहरुले अवरोध गरेपछि सो कार्य रोकिएकोमा दोस्रो स्थानीय तहको निर्वाचनमा शम्भु साह निर्वाचित भएपछि घण्टाघरको निर्माण कार्य थालिएको थियो ।



नेपालको संविधान जारी हुने बेला मधेशमा चलेको लामो आन्दोलन, नाकाबन्दीको क्रममा वीपी चौकमा प्रहरीको गोली लागेर शहीद भएका मधेशी शहीदहरुको प्रतिमा राख्नु पर्ने मधेशवादी दलको अडानका कारण घण्टाघर विवादमा तानिएको हो ।

मधेश आन्दोलन अघि सेवा केन्द्र सार्ने विषयमा २०७० सालमा भएको आन्दोलनको क्रममा विद्यानन्द यादव र रामअशिष ठाकुरले शहादत प्राप्त गरेकोमा उनीहरुको शालिक राख्नु पर्ने विषयमा विवाद उत्पन्न भएको छ । बैशाख ११ मा उद्घाटनको तयारी भएको बेला मधेशवादी दल जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टीका नेताहरुले विरोध गरेपछि उद्घाटनको कार्य तत्काल स्थगित गरिएको गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले बताए । वीपी कोइरालाको प्रतिमा राखिसकेको बताउँदै मधेशवादी दलको विरोध भएकोले उद्घाटन कार्य स्थगित गरिएको उनले बताए । मधेशी शहीदहरुको प्रतिमा त्यहि ठाउँमा राख्नु पर्ने माग रहेकोमा कांग्रेसले यसको विरोध गरिरहेको छ । नेपाली कांग्रेस सहितका अन्य राजनीतिक दलका प्रतिनिधिलाइ बोलाएर पटक पटक छलफलमार्फत सहमति गर्ने प्रयास गरिएको उनले बताए । बैठकमा कहिले कांग्रेसका प्रतिनिधि न आउने तथा कहिले मधेशवादी दलका प्रतिनिधि सहभागी नहुँदा ठोस निर्णय हुन नसकेको बुझिएको छ ।

२०७२ मा भएको आन्दोलनको क्रममा वीपी चौकमा प्रहरीसँग भएको झडपमा गोली लागेर राजकिशोर ठाकुर, शेख तबरेज आलम तथा शेख मौनुदिन ओस्ता शहीद भएकोमा मधेशी शहीदको शालिक राखे मात्र उद्घाटन गर्न दिने जनता समाजवादी पार्टी जिल्ला कार्य समिति सचिव शम्भु प्रसाद यादवले बताए । १ करोड २८ लाखको लागतमा निर्माण भएको वस्पी स्मारक सहितको घण्टाघरको बीचमा वीपी कोइरालाको प्रतिमा राखिएको छ भने चारैतिरबाट मधेशी शहीदहरुको प्रतिमा राख्नु पर्ने माग मधेशी नेताहरुको रहेको छ ।

मधेश आन्दोलनमा शहादत प्राप्त गरेकाहरुको प्रतिमा धेरै दिनदेखि पूर्वमन्त्रि अनिल झाको घरमा अलपत्र अवस्थामा राखिएको छ । गौरको सौन्दर्यीकरणको लागि निर्माण गरिएको घण्टाघर शहीदहरुको शालिक राख्ने बिषयमा उत्पन्न भएको विवादको कारण उद्घाटन हुने अवस्थामा जटिल हुन सकिने अनुमान गरिएको छ । मधेशी शहीदको प्रतिमा राख्न नदिने पक्षमा कांग्रेसका नेता देखिएकोले विवाद बढ्न सकिने सम्भावना बढिरहेको हुँदा विवाद समाधान गर्नेतर्फ सबै दलका नेताहरुले एकता सहकार्य, सहमति गरेर अघि बढ्नु पर्ने एक मात्र विकल्प देखिएको स्थानीयको भनाइ छ ।

# पर्यटकीय विकासको नाममा व्यापक भ्रष्टाचार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्माण गरिएको 'भरत ताल' अहिले विकासभन्दा बढी विवादको केन्द्रमा पुगेको छ । पर्यटन प्रवद्र्धनको नाममा आरम्भ गरिएको यो परियोजना हाल वन अतिक्रमण, सार्वजनिक सम्पत्ति हिनामिना, वातावरणीय क्षति र भ्रष्टाचारजस्ता गम्भीर आरोपले घेरिएको छ । यसैबीच, सर्लाही जिल्ला अदालतमा बागमती नगरपालिकाका तत्कालीन नगरप्रमुख भरत कुमार थापासहित ६ जनाविरुद्ध वन ऐन उल्लंघनसम्बन्धी मुद्दा दर्ता गरिएको छ । डिभिजन वन कार्यालय सर्लाहीले वन तथा वातावरण मन्त्रालयको निर्देशनमा दर्ता गरेको मुद्दामा नगरप्रमुख थापा, उपप्रमुख लिला कुमारी मोक्तान, प्रमुख प्रशासकीय अधिकृत विमल कुमार पोखरेल, लेखा अधिकृत विश्वराज पोखरेल, नगर इन्जिनियर सागर पौडेल र जिल्ला समन्वय समितिका तत्कालीन प्रमुख मेथुर चौधरीलाई प्रतिवादी बनाइएको छ । उनीहरूमाथि सरकारी स्रोतको दुरुपयोग गर्दै सागरनाथ वन विकास परियोजनाको करिब १७३ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ताल निर्माण गरेको आरोप छ ।

२०७४ सालमा निर्वाचित थापाले नगरसभा र कार्यपालिकाबाट स्वीकृति लिई ताल निर्माणको कार्य अघि बढाएका थिए । तर, वन ऐन २०७६ विपरीत यस निर्माण कार्यमा काठ काटिएको, माटो र ढुंगा उत्खनन गरिएको र पर्यावरणमा गम्भीर असर पुर्याइएको अनुसन्धानमा देखिएको छ । परियोजनाका लागि आवश्यक स्वीकृति नलिइ ताल निर्माण र वरपरका संरचना निर्माण गरिएको भन्दै डिभिजन वन कार्यालयले विस्तृत अनुसन्धान गरी अदालतमा मुद्दा दर्ता गरेको हो ।

मन्त्रालयको माग अनुसार दोषी प्रमाणित भए पाँच वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी प्रावधान अनुरूप सजाय माग गरिएको छ । सरकारी स्रोतको दुरुपयोग, सार्वजनिक सम्पत्तिको हिनामिना र वातावरणीय क्षतिको मूल्यांकनका आधारमा अभियोग थपिएको हो । भरत ताल प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत सक्रियता देखाएको छ । आयोगले २०८० चैत २८ गते नगरप्रमुख थापा र अन्य विरुद्ध ५ करोड ३३ लाख ५३ हजार १८९ रूपैयाँ बिगो माग गर्दै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ । त्यस्तै, ३० करोड २९ लाख रूपैयाँ बराबरको राजस्व हिनामिना अभियोगमा समेत अर्को मुद्दा दायर गरिएको छ ।

अख्तियारका अनुसार, 'माछापोखरी' को नाममा नदीजन्य पदार्थहरूको अवैध बिक्री गरिएको थियो । लेखाप्रणालीमा व्यापक अनियमितता भेटिएको छ । यसबाट थापा र उनका निकटवर्तीहरूले अवैध सम्पत्ति आर्जन गरेको प्रमाणित भएको छ । विवादबीच पनि हाल भरत ताल पर्यटकीय दृष्टिले लोकप्रिय गन्तव्य बन्दै गएको छ । तर, यसको निर्माण प्रक्रिया र त्यससँग जोडिएको अनियमितताले स्थानीय शासनप्रणालीको विश्वसनीयतामाथि प्रश्न उठाएको छ । स्थानीय तहका जनप्रतिनिधिहरूद्वारा कानुनको उपेक्षा गरी विकासको आवरणमा लुकाइएको भ्रष्टाचारले राज्य संयन्त्रको ध्यान तानेको छ ।

# मधेशमा बढ्दो तापक्रमले जनजीवन अस्तव्यस्त

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशमा पछिल्ला केही दिनदेखि अत्यधिक गर्मीको असर गहिरिँदै गएको छ । धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्साजस्ता जिल्लाहरूको तापक्रम ४० डिग्री सेल्सियस नाघ्न थालेपछि सम्पूर्ण प्रदेशको जनजीवन प्रभावित बनेको छ । विशेष गरी खुल्ला आकाशमुनि काम गर्न बाध्य श्रमिक वर्ग, किसान र सवारी चालकहरूलाई यो गर्मीले अत्यधिक असर पुर्याइरहेको छ । विगत तीन दिनदेखि दिउँसोको समय अत्यधिक गर्मी हुने क्रम जारी छ । बिहानैदेखि चर्को घाम लाग्ने र झ्याँस्स गर्ने गर्मीका कारण मधेशको वातावरणै उकुसमुकुस भइरहेको छ । गर्मीका कारण विद्यालयहरूको समय तालिका फेरबदल गर्नुपर्ने अवस्था आएको छ भने कार्यालयहरूमा समेत उपस्थितिमा कमी देखिन थालेको छ ।

जनकपुरधाममा तापक्रम निरन्तर ४० डिग्री आसपास रहँदा सार्वजनिक स्थानहरूमा चहलपहल घटेको देखिएको छ । बजार क्षेत्र, सरकारी कार्यालय परिसर तथा खुला स्थानहरूमा अपराह्नतिर भीड पातलिएको देखिन्छ । होटल तथा पसलहरूमा ग्राहकको आवागमन कम हुनुका साथै सार्वजनिक यातायातमा यात्रा गर्नेहरूको संख्यामा पनि उल्लेखनीय गिरावट आएको छ ।

गर्मीको मार विशेषगरी सडकमा पसिना बगाउने श्रमिक वर्गमा परेको छ । भवन निर्माण, सडक मर्मत र ईंटा उद्योगजस्ता कामहरूमा खटिने श्रमिकहरू बिहानैदेखि जाडो घाममा काम गर्न बाध्य छन् । पानीको कमी र छायाँको अभावमा उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर देखिन थालेको छ । 'दिउँसो काम गर्न गाह्रो भइसक्यो, तर खान त कमाउनु पर्छ,' एक मजदुरले भने, 'घाममा लामो समय बस्न सकिन्न, टाउको दुख्छ, चक्कर आउँछ ।'

यस्तै, रिक्सा चालकहरू, सडक किनारमा व्यवसाय गर्ने स–साना व्यापारीहरू र दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर परेको छ । स्थानीय अस्पतालहरूमा घाम लागेर चक्कर आउने, डिहाइड्रेसन र तातो घामका कारण टाउको दुख्ने बिरामीको सङ्ख्या बढ्न थालेको स्वास्थ्यकर्मीहरू बताउँछन् । जनकपुरधामस्थित प्रादेशिक अस्पतालका एक चिकित्सकका अनुसार, 'गर्मीको यस्तो मौसममा डिहाइड्रेसन, लू लाग्ने र रक्तचापको समस्या बढ्न सक्छ । पानी प्रशस्त पिउनु, चिसो ठाउँमा बस्नु र आवश्यक परेमा स्वास्थ्य संस्थाको सल्लाह लिनु अत्यावश्यक छ ।'

वातावरणविद्हरूका अनुसार यस्तो उच्च तापक्रमले जलवायु परिवर्तनको दीर्घकालीन असरको सङ्केत दिन थालेको छ । 'मधेशमा विगतका वर्षहरूमा पनि गर्मी हुने गथ्र्यो । तर, पछिल्ला वर्षहरूमा समयभन्दा अघि गर्मी शुरु हुनु र त्यसको तीव्रता बढ्नु चिन्ताको विषय हो,' वातावरणविद् नवीन यादवले बताए ।

# जनकपुरका दुई तालिम केन्द्रमा प्रहरीको छापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधामस्थित दुई निजी तालिम केन्द्रहरूमा अवैध रूपमा वैदेशिक रोजगारीका अन्तर्वार्ता सञ्चालन गरिँदै आएको सूचनाका आधारमा प्रहरीले छापा मारेको छ । रामानन्द चौकमा अवस्थित 'पीआइटी तालिम केन्द्र' र 'ग्लोबल तालिम केन्द्र'मा बिहीबार दिउँसो जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले एकैसाथ छापा मारेको स्रोतले जनाएको छ । प्रहरीले ती तालिम केन्द्रहरूमा कार्यरत कर्मचारीहरूसँग सोधपुछ गर्नुका साथै केन्द्रभित्र रहेका महत्वपूर्ण कागजात र तीन दर्जनभन्दा बढी नेपाली नागरिकका राहदानी (पासपोर्ट) जफत गरेको छ । प्रत्यक्षदर्शीका अनुसार प्रहरीले एक भ्यानमा ती राहदानी र कागजात संकलन गरेर लगेको थियो । यद्यपि, जिल्ला प्रहरी प्रमुख एसपी भूवनेश्वर तिवारीले आफूलाई छापा परेको विषयमा कुनै जानकारी नभएको प्रतिक्रिया दिएका छन् । 'सोधपुछ गर्नका लागि प्रहरी गएको हुन सक्छ । तर, छापाको बारेमा म जानकार छैन,' उनले भने ।




स्थानीयले बताएअनुसार यी तालिम केन्द्रहरूले वैदेशिक रोजगार विभागको तोकिएको मापदण्डको उल्लंघन गर्दै सामाजिक सञ्जालमा 'उच्च आम्दानी', 'द्रुत प्रक्रिया', 'निशुल्क फाराम' जस्ता आकर्षक शब्द प्रयोग गरी सामान्य जनतालाई प्रलोभनमा पार्दै आएका थिए । केन्द्रहरूले विदेश पठाउने प्रक्रिया सहज बनाइदिने भन्दै अन्तर्वार्ता लिई रहँदा कुनै अनुमति वा सम्बन्धित निकायबाट स्वीकृति लिएको प्रमाण भने देखाउन सकेका थिएनन् ।

विदेश जान चाहने युवाहरूलाई विभिन्न देशमा आकर्षक तलबसहित रोजगारी दिलाइदिने आश्वासन दिँदै उनीहरूबाट पासपोर्ट संकलन गर्ने, फारम भराउने र अन्तर्वार्ताको बहानामा केही रकम असुल्ने गतिविधि भइरहेका थिए । तर, कतिपय पीडितले भने उनिहरूलाई विदेश जान असम्भव हुने गरी झुक्याइएको बताए ।

वैदेशिक रोजगारीको नाममा झुक्याउने गतिविधिहरू दिनप्रतिदिन बढिरहेको बेला जनकपुरमा यस प्रकारको छापा परिनु प्रहरी प्रशासनको सकारात्मक सक्रियता मानिएको छ । पछिल्लो समय देशभर यस्ता 'भूतपूर्व म्यानपावर एजेन्सी'का रुपमा तालिम केन्द्रहरू खुलिरहेका छन् । उनीहरुले कुनै आधिकारिक इजाजतबिना युवालाई विदेश पठाउने सपना देखाएर आर्थिक शोषण गर्दै आएका छन् ।

# माटो बोकेर जाँदै गरेको ट्याक्टर पल्टिँदा एकको मृत्यु, एक घाइते

**मधेशदृष्टि**
**राजविराज ।**

माटो बोकेर जाँदै गरेको ट्याक्टर पल्टिदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा एक जना गम्भिर घाइते भएका छन् ।

विहीबार विहान ११ बजेतिर सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका–१४ रम्पुरा मल्हिनियाँमा स १ त ५०८३ नम्बरको ट्याक्टर पल्टिदा सोही वडाका जितेन्द्र यादवको मृत्यु भएको हो । टाउको र ढाडमा गहिरो चोट लागेका २१ बर्षीय यादवलाई उपचारका लागि स्थानिय छिन्नमस्ता अस्पतालमा भर्ना गरिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरी नायव उपरीक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए । दुर्घटनामा सोही वडाका २० बर्षीय दिपेश यादव घाइते भएको र उनको अहिले छिन्नमस्ता अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार माटो बोकेर लैजाने क्रममा माटो निकालेर बनेको गहिरो खाडलमा अचानक टायर फँसेर ट्याक्टर पल्टिएको थियो ।

मृतकको शव पोष्टमार्टमका लागि स्थानिय गजेन्द्रनारायण सिंह अस्पताल पु¥याई घट्नाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# लोसपा नेपालको मधेश प्रदेश कार्यालय वैशाख १४ गते उद्घाटन हुने

**मधेशदृष्टि**
**रौतहट ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको मधेश प्रदेश समिति अन्तर्गतको नयाँ पार्टी कार्यालय वैशाख १४ गते आइतबार जनकपुरधाममा उद्घाटन हुने भएको छ । उक्त उद्घाटन समारोहका लागि व्यापक तयारी थालिएको लोसपा मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलले जानकारी दिएका छन् ।

अध्यक्ष सोनलद्वारा हस्ताक्षरित निमन्त्रणा पत्रमार्फत पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता, पदाधिकारी तथा शुभेच्छुकलाई उद्घाटन कार्यक्रममा उपस्थिति जनाउन हार्दिक अनुरोध गरिएको छ । पार्टीको नवनिर्माण सम्पन्न कार्यालय जनकपुरधाम उपमहानगरपालिका–८ स्थित रामानन्द चौकमा रहेको छ । कार्यालय जानकी आँखा अस्पतालबाट दक्षिणतर्फ अवस्थित छ भने कार्यक्रमको समय बिहान ११:३० बजे तय गरिएको छ । उद्घाटन समारोहमा लोसपा नेपालका केन्द्रिय अध्यक्ष महन्थ ठाकुर प्रमुख अतिथि रहनेछन् भने पार्टीका वरिष्ठ नेता तथा संघीय सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीको पनि विशेष उपस्थिति रहने उल्लेख गरिएको छ ।

कार्यक्रममा मधेश प्रदेशका सम्पूर्ण जिल्ला अध्यक्षहरू, प्रदेश समिति सदस्यहरू, पार्टीका केन्द्रिय पदाधिकारीहरू, जनप्रतिनिधिहरू र हजारौं कार्यकर्ताको सहभागिता रहने बताइएको छ । अध्यक्ष सोनलका अनुसार पार्टीको संगठन सुदृढ बनाउने र प्रदेशभर संगठन विस्तारको अभियानलाई थप तीव्रता दिने उद्देश्यले नयाँ कार्यालय सञ्चालनमा ल्याउन लागिएको हो ।

लोसपाले यसअघि पनि मधेश केन्द्रित राजनीति तथा अधिकारको मुद्दामा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । नयाँ प्रदेश कार्यालयको उद्घाटनसँगै पार्टीले आगामी निर्वाचन र संगठन सुदृढीकरण अभियानलाई अझ प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । कार्यक्रमको तयारी तीव्र गतिमा अगाडि बढिरहेको र उद्घाटन समारोहलाई भव्य बनाउने लक्ष्यसहित सम्पूर्ण कार्यदल खटिएको अध्यक्ष सोनलले बताए ।

# हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा एक पक्राउ

**मधेशदृष्टि**
**राजविराज**

हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१४ रम्पुरा मलहनीयाका शम्भु मेहता पक्राउ परेका छन् । काठमाडौँबाट आएको प्रहरी टोलीले सप्तरी प्रहरीको समन्वयमा उनलाई विहीवार गाउँमै लुकेर बसेको अवस्थामा पक्राउ गरेको हो ।

२२ वर्षीय मेहतामाथी हुण्डी कारोबारमा संलग्न रहेको भन्दै काठमाडौँ र पर्सा प्रहरीमा उजुरी परेपछि अनुसन्धानका लागी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । उनलाई विहीवार नै अनुसन्धानका लागी वीरगंज लगिएको प्रहरीको भनाइ छ । उनले एउटा समुह बनाई विभिन्न स्थानमा हुण्डी कारोबार संचालन गर्दै आएको बताइएको छ ।

# १० महिनापछि पक्राउ परेका राम कारागार चलान

**मधेशदृष्टि**
**राजविराज**

सवारी ज्यान मुद्दाका एक फरार प्रतिवादी १० महिनापछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको तिरहुत गाउँपालिका–२ का ४९ वर्षीय श्रवण कुमार राम छन् । अघिल्लो दिन साँझ पक्राउ परेका उनलाई बिहीबार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार २०८१ असाढ २७ गते सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई २ महिना कैद सजाय हुने ठहर गरेको थियो । अदालतको आदेश भएलगत्तै उनी फरार भएका थिए । पक्राउ परेका उनलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सम्पादकीय

# अख्तियार आकर्षित हुने मधेश सरकारका ५८ वर्षीय स्वयम्सेवी शिक्षक आह्वान

चर्चामा मधेश प्रदेश सरकारको प्रदेश स्वयम् सेवी शिक्षक छन् । कस्ता शिक्षक छानिएलान्, पार्टीका कार्यकर्ताहरु कति आउलान् ? मधेश प्रदेश सरकारको शिक्षा मन्त्रालय सम्हालिरहेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका कति कार्यकर्ता भर्ती होलान्, यावत् प्रश्नहरु छदैँछ । मधेश प्रदेश सरकारको वार्षिक कार्ययोजना अनुसार, वैशाखको पहिलोसाता विज्ञापन गरेर नियुक्त गरिन लागिएका प्रदेश स्वयम् सेवी शिक्षकले कहाँ काम गर्लान् ? उनीहरु एउटा जिल्लाबाट अर्को जिल्लामा गएर काम गर्लान् कि नगर्लान् ? या सरकारको रकम सक्नका लागि यो खेल भइरहेको छ ? यावत् प्रश्नहरु छन् । यी प्रश्नहरुको उत्तर मधेश प्रदेश सरकार र शिक्षा मन्त्रालयले नै दिने हो । सत्तारुढ गठबन्धनका दलहरुले पनि दिने हो । जसमा जनमत, एमाले, कांग्रेस, लोसपा नै छ । १ सय ३२ जना विषयगत शिक्षक भर्नाको तयारीमा प्रदेश सरकारको शिक्षा मन्त्रालय हौसिएको छ । सूचना अधिकारीका अनुसार, आइतबार या सोमबार यस्ता शिक्षकहरुको थप प्रक्रिया अघि बढ्दैछ।

खासमा प्रदेश सरकारले नियुक्तिको तयारी गरिरहेका यस्ता स्वयम्सेवी शिक्षकको उमेर हद ५८ वर्ष ननाघेको भनेर विज्ञापन गरिएपछि चासो बढेको हो। मधेशदृष्टिले यसबारे विस्तृत समाचार छापेको छ । मन्त्री रानी शर्मा तिवारीको माउपार्टी लोसपाकै नेताहरु नै यस्तो विज्ञापन हास्यास्पद भन्छन् । ५८ वर्ष उमेर हद राखेर शिक्षक नियुक्ति भनेको सरासर अख्तियार आकर्षित हुने विषय हो। उसै पनि मधेश प्रदेश सरकारका विभिन्न कामकाजमा अख्तियारले लगातार फाइल मागिरहेको छ, लगिरहेको छ । यो मामला पनि अख्तियारमा नजाला भन्न सकिन्न । किनभने ५८ वर्ष उमेरका स्वयम्सेवी शिक्षकले दिने शिक्षा कस्तो होला ? उमेरले साथ दिँदैन, भूगोल फरक परे नयाँ पुस्ताका विद्यार्थीलाई पढाउन सक्लान् ? मधेश सरकारले त उनीहरुलाई नियुक्ति दिएर पठाउला तर यो कार्यकर्ता र आफन्त पालपोष भन्दा पर नजाने निश्चित छ । यदि साँच्चै मधेशमा स्मार्ट शिक्षा प्रदान गर्ने तयारी थियो भने त २५ वर्ष उमेरका कैयौँ पढेका नवजवानहरु छदैँथिए । सरकारलाई अहिले पनि कार्यकर्ताको चिन्ता छ। युवा पुस्ता र शिक्षाको चिन्ता छैन।

जे होस्, कहीँ नभएको जात्रा हाँडिगाउँमा भनेजस्तै मधेश प्रदेश सरकारको शिक्षा मन्त्रालयले अख्तियारलाई जानाजान निम्त्याइरहेको छ । आफू मलाई छानबिन गर शैलीका विज्ञापन गरेर उसले जग हसाएको छ। हामीले बेलामा सुझाव दिने हो, खबरदारी गर्ने हो । बाँकी सुशासनको प्रत्याभूति दिलाउने काम दलहरुको हो । दलहरुले पठाएका मन्त्रीहरुको हो । कर्मचारीहरु पनि कालेकाले मिलेर खाउँ भाले शैलीका छन् । उनीहरुलाई के छ, भए संघीयता र प्रदेश बदनाम हुन्छ । सेटिङको हिसाबकिताबमा तलमाथि हुँदैनन् । बदनाम भए नेता हुने हुन् भनेर उनीहरुले यस्ता विज्ञापन गरिदिएका छन् । उसै पनि मधेश आएका कर्मचारीलाई मधेशमा कति नै बस्नु छ र ?

# अपरिहार्य छ लोकतन्त्र



धर्मेन्द्र झा

वैशाख ११ । देश आज २०औँ लोकतन्त्र दिवसको उत्साहको अवस्थामा छ । आजकै दिन दुई दशकअघि नेपालको लोकतान्त्रिक आन्दोलनको परिणामले एक किसिमले मूर्तरूप लिएको थियो । २०६२ सालको चैतमा प्रारम्भ भएको दोस्रो जनआन्दोलनको पटाक्षेप भएको दिन हो २०६३ को वैशाख ११ । दोस्रो जनआन्दोलनले सफलता प्राप्त गरेको दिनको सम्झनामा प्रत्येक वर्ष आजको दिनलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिन्छ। नेपाल र नेपालीका लागि आजको दिनको निकै महत्व भएको कुरामा विमति हुन सक्दैन । यो दिवसको महत्व कहाँसम्म छ भने यो दिनको प्रेरणाले अन्ततः नेपालमा गणतन्त्रको मार्गप्रशस्त गर्न सम्भव हुन सकेको हो। यो दिवसकै प्रभाव मान्नुपर्ने हुन्छ, नेपाली जनताले गणतन्त्रका लागि धेरै कुर्नु परेन । मात्र दुई वर्षपछि अर्थात २०६५ को जेठ १५ गते नेपाल गणतान्त्रिक मुलुकका रूपमा स्थापित हुन पुग्यो।

**लोकतन्त्रविरुद्ध आक्रमण**

आज देशमा विभिन्न कोणबाट विभिन्न पक्षबाट लोकतन्त्र र गणतन्त्रविरुद्ध अनेकथरि भ्रम छर्दैं मिथ्या प्रचार गर्दै आक्रमणको प्रयास भइरहेको छ। सैद्धान्तिकरूपले गणतन्त्रका विरोधीहरू आफ्नो स्वार्थको रोटी सेक्न उद्यत देखिएको वर्तमान अवस्थामा अनेकथरि प्रलापहरूलाई स्वर दिने प्रयास भइरहेको छ । सारमा यो अनुचित हो । लोकतन्त्र र गणतन्त्रले सुनिश्चित गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दै एउटा पक्ष त्यही लोकतन्त्र र गणतन्त्रलाई निम्ट्यान्न पार्न आफ्नो शक्ति खर्चिरहेको छ। यसलाई कदापी उचित मान्न सकिन्न।

विसं २००७ सालमा नेपालले एकतन्त्रीय जहानीया शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको हो। देशमा हालसम्म जनताका अधिकार सुनिश्चितका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ साल फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो। तर सात सालपछिका दिनमा देशको राजनीतिमा अनेकथरि महत्वाकांक्षाहरू हाबी हुँदा प्रजातन्त्रको वास्तविक रूपको दर्शन गर्न नेपालीलाई निकै नै कठिनाइ भयो। २००७ सालमा प्राप्त उपलब्धिलाई सहजरूपमा स्वीकार गर्दै त्यसपछिको राजनीतिक यात्रालाई स्वभाविक दिशामा गतिशील हुने वातावरण निर्माण हुन सकेको भए नेपालको राजनाीतिक इतिहासमा २०४६ सालको पहिलो जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलन आवश्यक नै पर्ने थिएन। इतिहासमा यी वर्षहरूको खासै चर्चा पनि हुँदैनथ्यो होला । तर यतिले मात्र नपुगेर नेपालको इतिहासले लोकतन्त्र दिवसका रूपमा अर्को दिन अर्थात २०६३ वैशाख ११ को दिनलाई पनि स्मरण गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना हुन पुग्यो र यसै दिनले निम्त्यायो २०६५ जेठ १५ अर्थात गणतन्त्र दिवस।

**लोकतन्त्रमा पूर्ण प्रेस स्वतन्त्रता**

नेपालको इतिहासमा वैशाख ११ को महत्व लोकतन्त्र दिवसको सन्दर्भमा त छँदैछ, नेपाली सञ्चार र प्रेसका सन्दर्भमा पनि आजको दिनको खास महत्व छ । यसै दिवसबाट प्रेरणा प्राप्त गरी नेपालमा पूर्ण प्रेस स्वतन्त्रताका लागि नेपाली आमसञ्चारकर्मीहरूले अभियान थालेका हुन भनेर भनियो असान्दर्भिक हुने छैन । २०६४ मा गठित प्रथम संविधानसभासँगै २०६५ वैशाखमा निर्वाचित नेपाल पत्रकार महासङ्घको नयाँ नेतृत्वले संविधानसभाले तयार गर्ने नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिनुपर्ने अभियान सञ्चालन गर्‍यो र यो अभियानलाई अधिकांश सञ्चारकर्मी र मानवअधिकारकर्मीबाट समर्थन प्राप्त भयो।

लोकतन्त्र अथवा प्रजातन्त्रको एक महत्वपूर्ण आधार प्रेसलाई पनि मानिन्छ। प्रेसले स्वतन्त्र भएर जति बढी काम गर्न सक्छ लोकतन्त्र त्यति नै फलदायी र प्रभावकारी हुनसक्ने यथार्थ विश्वभरि स्वीकार गरिएको छ । नेपाल पनि अपवाद हुन सक्दैनथ्यो । यसै यथार्थलाई आत्मसात गर्दै नेपालमा २०६३ सालको जनआन्दोलनको सफलतापछि प्रेस, सूचना, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनले आकार ग्रहण गर्न थालेको हो भन्दा अत्युक्ति नहोला । २०६३ सालको अन्तरिम संविधानमा प्रेस, सूचना, विचार र अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा स्पष्ट ढङ्गले व्यवस्था गरियो । संविधानसभाले निर्माण गर्ने संविधानमार्फत पनि अन्तरिम संविधानको यो व्यवस्थालाइ जोगाउनु अपरिहार्य थियो । यसकारण पनि संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रतभूति आवश्यक थियो र त्यसबेलाको नेपाल पत्रकार महासङ्घले यो अभियानको नेतृत्व गरेको थियो।

संविधान २०७२ मार्फत स्वीकार गरिएको सङ्घीयताको अवधारणाले नेपाली प्रजातन्त्र÷लोकतन्त्रलाई क्रमशः परिष्कृत गर्दै लगेको छ। वास्तवमा लोकतन्त्रलाई ‘अर्थ’ प्रदान गर्न सङ्घीयताको निकै महत्व छ । सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक ‘मोडेल’ हो, जो लोकतन्त्रमा मात्र सम्भव छ। खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सवलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रीय बन्दै गएको छ। अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्द्रीकरणको अवधारणामा विश्वास गर्रिंदैन । अधिकनायकवादमा विश्वास गर्नेहरू सधैँ शक्तिको केन्द्रीकरण चाहन्छन्।

**लोकतन्त्रमा प्रेस र नागरिक समाज**

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्दीय शासनमा निहीत शक्ति र अधिकार विकेन्द्रीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभूता निहीत हुने कुरालाई स्वीकार गर्न थालिएको छ। यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरणको निर्माण भइरहेको छ । लोकतन्त्र सुशासनमा आधारित छ र सुशासनको एक प्रमुख आधार पारदर्शिता र उत्तरदायित्व वहन हो। यही पारदर्शिता निर्माण गर्ने सन्दर्भमा प्रेसको निर्णायक भूमिका हुन्छ भन्नु अनुचित हुँदैन।



**लोकतन्त्रको विकल्प लोकतन्त्र नै**

प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्रलाई नै मानिन्छ । विश्वमा यही मात्र यस्तो शासनशैली हो, जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यकताअनुसार परिमार्जन गर्दछ । नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालपछि २०६३ वैशाख ११ मा स्थापित लोकतन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्वपूर्ण विन्दु भएकामा दुईमत हुन सक्दैन । २०६३ साल राजनीतिको यस्तो विन्दु हो, जहाँबाट नेपालमा वास्तविक लोकतन्त्रको प्रक्रियाको प्रारम्भ भयो । अर्थात अमेरिकाका पूर्व राष्ट्रपति अब्राहम लिङ्कनले भनेजस्तै जनताको, जनताबाट र जनताका लागि शासन सञ्चालन हुने अवस्थाको निर्माण हुन सक्यो । अब लोकतन्त्र अनुकूलका संरचनाहरू बन्न थाले। देशमा पहिलोपटक राजाको हस्तक्षेपविनाको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया शुरु हुन सक्यो । सैद्धान्तिकरूपमै कानुनी शासनको जग बसाउने कार्य थालियो। त्यसैअनुरूपका विधि कानुन निर्माणको प्रक्रिया थालियो।

पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ। नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ । पछिल्लो पुस्ताको लोकतन्त्रले सुशानको अवधारणासँगै मानवअधिकार, सङ्घीयता, समावेशी र पहिचान, आवधिक निर्वाचन, सामाजिक न्याय र स्वतन्त्र प्रेसको अवधारणालाई सैद्धान्तिकरूपमै स्वीकार गरेको छ । नेपाल पनि स्वभाविकरूपमा अपवाद हुन सक्दैन। यहाँ पनि यी अवयवहरूलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा यी अवधारणालाई आत्मसात गरेको छ । नेपालको

प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थिति कुनै पनि लोकतान्त्रिक व्यवस्थाको सफलताका लागि एक महत्वपूर्ण शर्त मानिन्छ। कहीँ पनि लोकतन्त्र छ भनेर भनियो भने त्यहाँ स्वभाविकरूपमा प्रेस स्वतन्त्रता र नागरिक समाजको निर्वाध गतिविधिको प्रत्याभूति छ भन्ने बुभिन्छ । लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ। माथि पनि चर्चा गरियो, २०६३ सालको वैशाख ११ यस्तो प्रस्थानविन्दु हो, जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा औपचारिकरूपमा जगको ढुङ्गा राखेको हो।

पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला । यतिमात्र होइन, राजनीतिक व्यवस्थामाथि नै पनि धावा बोल्ने प्रयास भएको छ। यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ । यस्ता तत्व र समूह लोकतन्त्र क्रियाशील भएको देख्न चाहँदैनन् । तिनले समाज रूपान्तरण भएको देख्न चाहँदैनन् । यी कुरालाई आत्मसात गर्दै लोकतन्त्र रक्षाका लागि अनेकथरि चुनौतीसँग जुध्नु सबै नेपालीको दायित्व हो। रासस

# ‘जनआन्दोलनका शहीद र घाइतेलाई नभुलौँ



नरेन्द्र रौले

१८औँ लोकतन्त्र दिवस । नेपाली जनताको जीत भएको दिन। २०६२÷६३ सालमा भएको १९ दिने जनआन्दोलनको बलमा नेपालमा लोकतन्त्र स्थापना भयो। आज देशमा त्यति सजिलै लोकतन्त्र आएको होइन। लोकतन्त्रको यो सुनौलो बिहानी आउनुमा २५ जनाले आफ्नो ज्यानको बाजी दिनुभयो र साढे सात हजार जना घाइते हुन भएका थिए।

त्यही जगमा २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको माग बमोजिम २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनःस्थापना गर्नुभयो। उक्त घोषणामा भनिएको थियो, ‘राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा नै निहीत रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावनाअनुरुप प्रतिनिधिसभालाई पुनःस्थापित गरिएको छ ।’ र, विधिवत रुपमा २०६४ सालदेखि नेपालमा लोकतन्त्र दिवस मनाउन थालिएको हो।

तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते शासन सत्ता आफ्नै हातमा लिएपछि राजनीतिक परिस्थिति फरक मोडमा पुग्यो। राजधानीमा सात दल एक ठाउँमा उभिन पुगे । सात दल निरन्तर सडक आन्दोलनमा होमिए । विस्तारै गणतन्त्रका पक्षमा आवाज उठ्दै गए । उता तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी) पनि सात दलको आन्दोलनमा ऐक्यबद्धता जनायो। पछि गएर सात दल र नेकपा (माओवादी) बीच १२ बुँदे समझदारी हुने वातावरण तयार भयो । २०६२ चैत २४ गतेदेखि जनआन्दोलन शुरु भयो। सडकमा लाखौं जनताहरु उत्रिए। लोकतन्त्र, गणतन्त्र र स्थायी शान्तिका पक्षमा गगनभेदी नाराहरु लागे । गुमेका अधिकार फर्काउनका लागि जनताहरु सडकमा उत्रिएका थिए।

ऐतिहासिक जनआन्दोलनमा म हरेक दिनजसो सहभागी हुन्थें । १७ वर्षको ठिटो। मनमा बेग्लै जोश, जाँगर र ऊर्जा थियो । रत्नराज्य लक्ष्मी क्याम्पसबाट आइए दोस्रो वर्षको परीक्षा दिएर बसेको थिएँ। देशमा सकारात्मक परिवर्तन होस् र स्थायी शान्ति छाओस् भन्ने चाहना थियो। नयाँ नेपालको सपना बोकेर शुरु भएको जनआन्दोलनमा म पनि एक सचेत नागरिकका हिसाबले होमिएको थिएँ। गुमेका आफ्अधिकारका पक्षमा सारा नेपालीहरुले बुलन्द रुपमा आवाज उठाएका थिए।

जनआन्दोलन उत्कर्षमा पुगेको थियो । देशमा यसले केही न केही नयाँ परिवर्तन ल्याउँछ, छिट्टै नै नयाँ परिणाम दिन्छ भन्नेमा सबै ढुक्क थिए। सडकमा हरेक दिन मानवसागर उर्लिँदै गयो । २०६३ वैशाख ९ गते त्रिपुरेश्वर मलाई गोली लाग्यो। इतिहासमा कहिल्यै नमेटिने गरी त्यो घटना मेरो मस्तिष्कमा बसेको छ। त्यो विशाल जनसागर त्रिपुरेश्वरबाट रत्नपार्कतर्फ अगाडि बढ्ने क्रममा गोली बर्सिएको थियो। गोली र लाठी सामु पनि जनताहरुले प्रतिकार गरिरहे । काठमाडौंको मोडल अस्पतालमा मेरो उपचार भएको थियो।

तत्कालीन शाही सरकारले कफ्र्यु जारी गरे पनि कसैले त्यसको परवाह गरेका थिएनन् । जनताहरु कसैसामु झुकेनन्, कसैको डर थिएन । मात्र परिवर्तनका पक्षमा उभिएका थिए । अशान्ति र लडाईंबाट जनताहरु आजित थिए। छिट्टै यो अवस्थाको अन्त्य होस् भन्ने सबैको चाहना थियो। गोली, लाठी, अश्रुग्यास कुनै चिजका सामु जनता झुकेनन्। न्याय, शान्ति र सकारात्मक परिवर्तनका पक्षमा लडिरहे।

तत्कालीन राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनःस्थापनाको घोषणा गर्नुभयो । आन्दोलनरत दलले तयार पारेको मस्यौदाका आधारमा बैठकसमेत आह्वान गर्नुभयो। गणतन्त्रको जग यसै दिनबाट बसेको थियो। विसं २०६३ जेठ ४ गते संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गरेको घोषणा गर्‍यो । र, यस बैठकले अर्को ऐतिहासिक घोषणा पनि गर्‍यो । नेकपा (माओवादी) लाई शान्ति प्रक्रियामा ल्याई संविधानसभाको निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव गर्‍यो।

विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले राजसंस्थाको विधिवत् अन्त्य भएको घोषणा गर्‍यो । २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो। संविधानबमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भयो।

देशमा यति ठूलो परिवर्तन भयो । ठूलाठूला कामहरु सम्पन्न भए । तर, यतिबेला जनआन्दोलनका घाइतेहरुलाई पूरै बेवास्ता गरिएको छ। राहत, क्षतिपूर्ति, स्वास्थ्य उपचारलगायत अन्य सुविधा केबल नारामा मात्र सीमित भए। नेपाल सरकारको गृह मन्त्रालयले प्रदान गरेको घाइते परिचयपत्रको आजको दिनमा खासै कुनै उपयोगिता छैन । तत्कालीन समयमा नेपाल सरकारको मातहतमा गठन गरिएको ‘जनआन्दोलनका घाइतेको उपचार निर्देशन तथा व्यवस्थापन समिति’ अहिले पूरै निस्कृय बनिसकेको छ।

शुरुमा नेपाल सरकारले जनआन्दोलनका घाइतेहरुको उपचार गर्ने, आर्थिक सहायता प्रदान गर्ने बाचा गर्ने भने पनि अहिले घाइतेहरुका लागि काम गर्ने कुनै सरकारी संयन्त्र नै छैन । तत्कालीन समयमा बबरमहलमा रहेको शान्ति तथा पुनःनिर्माण मन्त्रालयअन्तर्गत राहत तथा पुनःस्थापना इकाइ खडा गरिएको थियो। दीर्घकालीन रुपमा यसले पनि काम गर्न सकेन । मुलुकले लोकतन्त्र दिवस मनाइरहँदा ऐतिहासिक जनआन्दोलनका घाइतेहरुको योगदानलाई पनि सम्झिनुपर्छ। मुलुकलाई यस स्थितिसम्म ल्याउन शहीद तथा घाइतेको ठूलो योगदान रहेकाले उचित सम्मान तथा राहतका कार्यक्रम ल्याउनेतर्फ गम्भीर भएर सोच्नैपर्छ।

विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट सबै राजनीतिक शक्ति एक ठाउँमा उभिएका थिए। २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लिएको थियो। आज दुई दशकपछि देशमा जुन राजनीतिक परिस्थिति निर्माण भएको छ, हामीले हिजोको इतिहास भुल्नु हुँदैन । आज मुलुकले लोकतन्त्र दिवस मनाइरहेको छ। यस ऐतिहासिक घडीमा जनआन्दोलनमा आफ्नो ज्यानको शहादत पाएका शहीद, घाइतेको योगदानलाई बिर्सनु हुदैन । तत्कालीन सरकारले शहीद परिवार र घाइतेहरुका लागि गरिएका बाचा, प्रतिवद्धताहरु कार्यान्वयन गर्न ढिलाइ भइरहेको छ । यसतर्फ तत्काल ध्यान दिएर अविलम्ब कार्यान्वयन गर्नुपर्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# तेह्र बुँदे घोषणापत्र जारी गर्दै हिमाली संवाद सम्पन्न

काठमाडौ ।
सङ्घीय सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म गर्ने सगरमाथा संवादको पूर्वतयारीका रूपमा आयोजना गरिएको हिमाली संवाद १३ बँुदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ ।

यही वैशाख ९ र १० गते जुम्लाको खलङ्गामा सम्पन्न हिमाली संवादमा कर्णालीका बालबालिका र सीमान्तकृत समूहहरूको आवाज प्रस्फूटन गराउने विषयमा विभिन्न सुझाव दिइएको हो ।

सगरमाथा संवादको सचिवालयसँगको समन्वयमा सेभ द चिल्ड्रेन, युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (वाइएई), कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (क्रिडाक)लगायत विकास साझेदारसँगको सहयोग र सहकार्यमा संवाद सम्पन्न भएको सचिवालयले जनाएको छ ।

सीमान्तीकरणबाट प्रभावित बालबालिका, युवा र हिमाली समुदायका अनुभव आदानप्रदान, बाल–संवेदनशील जलवायु समाधानका लागि वकालतलगायत विषय उजागर गरिएको वाइएईका अध्यक्ष सनोत अधिकारीले जानकारी दिए । घोषणापत्र तीन तहका सरकार, सगरमाथा संवाद सचिवालय र विश्व समुदायलाई हस्तान्तरण गर्दै ध्यानाकर्षण गरिने उनले बताए ।

संवादमा कर्णाली प्रदेशका हिमाली समुदायका बालबालिका, आदिवासी र सीमान्तकृत समुदाय, महिला र किशोरी, हिमाली क्षेत्रमा कार्यरत नागरिक समाज, विभिन्न सङ्गठन, विकास साझेदार, संयुक्त राष्ट्रसङ्घीय निकाय, सरकारीतर्फका प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि र नीति निर्माता, प्रदेश र सङ्घीय सरकारका प्रतिनिधि गरी एक सय ५० जनाको सहभागिता थियो ।

घोषणापत्रमा हिमाली क्षेत्रका बालबालिका, युवा र समुदायमा जलवायु सङ्कटले पारेको असरलाई सम्बोधन गर्न सगरमाथा संवादमा यस विषयलाई प्राथमिकताका साथ छलफल गरी समाधानका उपायको खोजी गर्न माग गरिएको छ । त्यस्तै सगरमाथा संवादमा बालबालिकाहरूका आफ्ना भोगाइ, अनुभव र आवाज उठाउन विशेष सत्रको व्यवस्था गर्न आग्रहसहित सुझाव आएको वाइएईका कार्यक्रम संयोजक अञ्जु पोखरेलले जानकारी दिए ।

उनका अनुसार जलवायुसम्बन्धी शिक्षा र सचेतनालाई सबै समुदायमा सञ्चालन गर्न, जलवायु सङ्कटको समाधानका लागि सिमान्तकृत र सामाजिक रूपमा पछाडि पारिएका समुदायका जीवन्त भोगाइलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम लागू गर्न घोषणापत्रमा आग्रह गरिएको छ ।

हिमाल बचाउन नेपालको प्रयास मात्र पर्याप्त नहुने भएकाले छिमेकी मुलुकदेखि समग्र विश्वसमुदायको सहकार्य र अन्तरराष्ट्रिय तहमा साझेदारी बढाउनका लागि पहल गर्न आग्रह गरिएको क्रिडाकका कार्यकारी निर्देशक गोविन्दबहादुर शाहीले जानकारी दिए ।

समुदायले भोगेका हानिनोक्सानीको क्षतिपूर्ति प्रदान गर्न सगरमाथा संवादमा यो मुद्दालाई प्राथमिकतामा राख्दै हानिनोक्सानी कोषमा समुदायको पहुँच सुनिश्चित गर्न आग्रह गरिएको उनले उल्लेख गरे ।

हिमाली संवादले जलवायु परिवर्तनले तल्लो◌ तटीय क्षेत्रमा गम्भीर असर परेकाले उक्त क्षेत्रका समुदाय र बासिन्दामा पर्न गएको नकारात्मक असर सम्बोधन गर्नुपर्ने, पर्वतीय र सामुद्रिक अर्थतन्त्रलाई जोड्नुपर्ने, कर्णालीलगायत हिमाली क्षेत्रमा हुने परम्परागत रैथाने बालीको संरक्षण गर्न प्राङ्गारिक मलको प्रयोग बढाउनुपर्ने, हिमाली क्षेत्रमा सञ्चालित जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न एकीकृत बस्ती विकास र अनुकूलनका असल अभ्यास प्रवद्र्धनका लागि सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिन सुझाव दिइएको छ ।रासस

# निर्वाह भत्ता कार्यान्वयन नगरे निजी मेडिकल कलेजका सुविधा रोकिने

**काठमाडौं ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले निजी मेडिकल कलेजले सरकारी सरह निर्वाह भत्ता दिने व्यवस्था कार्यान्वयन नगरेमा मन्त्रालयसँग सम्बन्धित कलेजका सबै काम रोकिने बताएका छन ।बिहिवार स्वास्थ्य मन्त्रालयमा नेपाल चिकित्सक सङ्घ र आवासीय चिकित्सकका प्रतिनिधिहरूबीच भएको वार्तामा उनले निर्वाह भत्ता दिनुपर्ने विषयमा चिकित्सा शिक्षा आयोगले निर्णय गरिसकेको कुरामा तर्क गरिराख्नुको औचित्य नभएको बताए । मन्त्री पौडेलले भने, ‘निजी मेडिकल कलेजहरुले निर्वाह भत्ता दिने व्यवस्था कार्यान्वयन नगरेसम्म मन्त्रालयसँग सरोकोर राख्ने कुनै पनि काम अघि बढ्दैन । निर्णयबाट पछि हट्ने कुनै सम्भावना छैन ।’

उनले निजी मेडिकल कलेजले निर्वाह भत्ता ४८ हजार रुपैयाँ दिनु पर्ने निर्णय कार्यान्वयन गर्नुपर्ने र त्यसपछि कलेजहरुले माग गर्दै आएको स्नातकोत्तरको सिट र शुल्क बढाउने कुरामा वार्ता गर्न सकिने बताए ।मन्त्री पौडेलसहित नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्की, आवासीय चिकित्सकले गठन गरेको सङ्गठन ‘स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समिति’का संयोजक शेषराज घिमिरेलगायतको टोली वार्तामा बसेका थिए ।निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सकहरुले सरकारी सरह निर्वाह भत्ताको माग गर्दै विगत २२ दिनदेखि आन्दोलनरत छन् । शुक्रबार आकस्मिक बाहेकका सेवा ठप्प पार्ने चेतावनी चिकित्सकहरुले दिएका छन् ।चिकित्सा शिक्षा आयोगको १६ औँ बैठकको निर्णयले आवासीय चिकित्सकलाई सरकारी सरह निर्वाह भत्ता दिन निर्देशन दिएको थियो । तर निजी मेडिकल कलेजहरुले निर्णय कार्यान्वयन नगरेपछि चिकित्सकहरु आन्दोलित भएका हुन् । रासस

# ‘राष्ट्रको आवश्यकता र जनताको माग अनुसारका विकासमा जोड दिनुपर्छ’

**ललितपुर ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले इञ्जिनीयरलाई राष्ट्रको आवश्यकता र जनताको माग अनुसारको विकास, निर्माणमा जोड दिनुपर्ने भन्दै सोही अनुसार काम गर्न आग्रह गरेका छन ।

सेन्टर फर डेमोक्रेटिक इञ्जिनीयर्स एसोसियसन (सिडेन)को बिहिवार ललितपुरमा आयोजित दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले निर्माण हुने संरचना र विकासका आयोजनासम्बन्धी योजना बनाउँदा राष्ट्रि र जनताका आवश्यकता बुझेर सकरात्मक परिवर्तनमा लाग्नुपर्ने बताए । उनले नवप्रवर्तन र प्रविधिमा आधारित योजना कार्यान्वयन गरेमा उल्लेख्य प्रतिफल आउने धारणा राखे । ‘लोकतान्त्रिक मूल्य, मान्यता अनुसार शासन प्रणाली स्थापित नभएसम्म नेपालीको भविष्य सुनिश्चित हुँदैन भनेर २०४६ र २०६२÷६३ को परिवर्तन ल्याएका हौँ । प्राप्त अधिकारलाई सुरक्षित गर्दै राजनीतिक स्थायित्व र स्थिरताका लागि आर्थिक समृद्धितर्फ सबैले ध्यान दिनु जरुरी छ र यसका सबै सबै राजनीतिक दलले आ–आफ्नो कमजोरी सुधार गर्दै अगाडि बढ्नुपर्छ, कानुनी रूपमा भएका समस्या छलफलबाट समाधान गरौँ । प्राप्त गणतन्त्रको अधिकारलाई सुरक्षित गर्दै दिगो विकास र जिम्मेवारीपूर्ण कामका लागि ध्यान दिनुपर्छ’, उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले गुणस्तरीय पूर्वाधार निर्माणमा सरोकार भएका सबैले ध्यान दिनुपर्ने आवश्यकता औँल्याए । यसका लागि समयसापेक्ष कानुन बनाउँदै समस्या समाधान गर्नुपर्ने भन्दै सरकार आवश्यकताका आधारमा छलफलबाट बाधक भएका कानुन संशोधन गर्न तयार रहेको बताए ।

‘मुलुकको आवश्यकतालाई मूल्याङ्कन गरेर काम गर्छौं, समृद्धि हासिल गर्न १५ हजार मेगावाट विद्युत् भारतमा व्यापार गर्ने बाटो खुलेको छ, बूढीगण्डकीको सुरुवात गर्दा १७ हजार रोजगारी सिर्जना हुन्छ, यसलाई महसुस गरेर हामीले काम गरिरहेका छौँ’, उनले भने ।

नेपाल इञ्जिनियर्स एसोसियसनका केन्द्रीय अध्यक्ष सुवासचन्द्र बरालले विकास निर्माणसँग जोडिएका विषयमा आधारित रहेर दिगो विकासका लागि सबैले सहकार्य गर्नुपर्ने बताए । यो कार्यक्रमले दिगो विकासका क्षेत्रमा काम गर्ने सबैलाई सकरात्मक उर्जा प्रदान गर्ने उहाँले विश्वास व्यक्त गरे । उनले दिगो विकासका लागि राजनीतिक प्रतिबद्धता आवश्यक रहेको धारणा राखे । बरालले सिडेनको यो सम्मेलनले यस क्षेत्रमा रहेका चुनौतीलाई समाधान गर्न सहयोग पुग्ने बताए ।

सिडेनका अध्यक्ष एवं इञ्जिनीयर लक्ष्मण केसीले यस क्षेत्रमा भएका प्रशस्त सम्भावनाको छलफल गरेर प्रविधिको विकास अनुरुप दिगो विकासमा रहेका बाधा हटाउन नीतिगत व्यवस्थाका लागि सरकार र संसद्लाई सुझाव दिन सम्मेलन आयोजना गरिएको बताए ।

सिडेनका महासचिव एवं इञ्जिनीयर थमनबहादुर खड्काले संस्थामा हाल नौ हजार ६४६ जना इञ्जिनीयर सदस्य रहेका जानकारी गराए । उनका अनुसार यीमध्ये बागमतीमा मात्रै छ हजार ७०० सय भन्दा बढी छन् । रासस


## श्री जनता माध्यमिक विद्यालय गिद्धा-बेलापट्टी

(प्राविधिक तथा व्यवसायिक शिक्षा अनुमति प्राप्त)

(धनुषा)
स्था. २००८ साल

पत्र सं.२०८१/०८२
चलानी नं.

मिति : २०८२/०१/११

विषय :- करार प्रशिक्षक पदपूर्ति सर्म्वान्धि खुल्ला विज्ञापन गरिएको बारे ।

प्रस्तुत विषयमा यस विधालयको वि.ब्य.समितिको मिति : २०८१/१२/२० गतेको निर्णय अनुसार तथा शिक्षा विकास तथा समन्वय एकाइ,धनुषाको प.सं. २०८१/०८२ च.नं.१५८७ मिति २०८१/१२/०६ को प्राप्त नियुक्ति अनुमति पत्र बमोजिम तपशिल अनुसारको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा करार प्रशिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको सर्त बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि सहित सुचना प्रकाशित भएको मिति देखि १५दिन भित्र आवेदन पेश गर्नुहुन अह्वान गरिन्छ ।

तपशिल

| क सं. | विज्ञापन नं. | पद | तह | श्रेणी | विषय | पद सं. | शैक्षिक योग्यता | अन्य योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८१/८२ | करार प्रशिक्षक | उ.म.वि. | प्रशिक्षक | पशु विज्ञान | १(एक) | सम्बन्धित विषयमा स्नातक वा स्नातकोतर | अनुभवीलाई ग्राहिता दिइने छ । | |

विज्ञापन सम्वन्धि अन्य जानकारी
१) शिक्षक नियुक्ति पूर्ण कालिन करारमा हुनेछ ।
२ २२ वर्ष पुरा भएको तथ ४० वर्ष ननाघेको ।
३) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
४) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी भ्रष्टाचारको अभियोगमा प्रमाणित नभएको ।
५) कुनै पनि राजनिति दल वा तिनका भातृ संगठनहरुमा प्रतिनिधि सदस्य -निर्वाचित वा मनोनित रुपमा आवद्व नभएको ।
६) उ.मा.वि.तहको लागि स्नातकोत्तर उत्तीर्ण गरेको वा स्नातक भए २ वर्षको अनुभव भएको ।
७) तलब भत्ता : नेपाल सरकारको प्रचलित ऐन नियम अनुसारको प्रचलित स्केल ।
८) परीक्षाको किसिम : लिखित, अन्तरवार्ता तथा कक्षा अवलोकन । (प्रगोगात्मक परीक्षा)
९) परीक्षा दस्तुर उ.मा.वि. प्रशिक्षकको २०००।०० अक्षरेपी दुई हजार मात्र यस एन.आई.सी.एसिया बैकको खाता न.डी ५४१०००४४५९५२४०२ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्तसाथ पेश गर्नुपर्ने छ ।
११) दरखास्त दिने मिति : २०८२/०१/११ देखि २०८१/०१/२५ गते सम्म (कार्यलय समय भित्र)
११) सबै परीक्षा हुने मिति : शिक्षक छनौट समितिबाट निर्णय भए बमोजिम हुनेछ र सो पछि जानकारी गराइन्छ ।
१२) सम्पर्क मिति २०८१/०१/२६ गते

प्रधानाध्यापक

सम्पर्क नं. :९८५४०२६७२३, ९८४४४२३६६५


# ‘लोकतन्त्र सुदृढिकरणका लागि सबै एकजुट हुनु जरुरी छ’



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले लोकतन्त्र सुदृढिकरणका लागि सबै एकजुट हुनु जरुरी रहेको बताएका छन ।

लोकतन्त्र दिवस र नयाँ वर्ष २०८२ को अवसर पारेर बिहिवार आफ्नो निवास महाराजगञ्जमा आयोजित चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा उनले लोकतन्त्र सुदृढिकरणका लागि सबै राजनीतिक दल, सरोकार भएका निकाय, जनता एकजुट हुनुपर्नेमा जोड दिए ।

लोकतन्त्रलाई संरक्षण गर्दै प्रभावकारी कार्यान्वयनका लागि नेपाली कांग्रेस बलियो हुनुपर्ने बताउँदै उनले त्यसका लागि कांग्रेसमा गुटउपगुट नभई एक ढिक्का हुनुपर्ने आवश्यकता औँल्याए । नेता डा कोइरालाले लोकतन्त्रमा मात्र सबैको अधिकार सुनिश्चित हुने बताउँदै यसको रक्षार्थ सबै सजग र सचेत रहनुपर्नेमा जोड दिए ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री दिपक खडका, नेताहरू कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, गोपालमान श्रेष्ठ, एनपी साउद, प्रवक्ता डा प्रकाशशरण महत, महेश आचार्य, दिपक गिरी, पार्टीका केन्द्रीय सदस्यहरू, विभिन्न भ्रातृ र शुभेच्छुक संस्थाका नेता, कार्यकर्तालगायतको उपस्थिति थियो ।रासस

# सङ्घीय संसद्को बर्खे अधिवेशन शुक्रबारदेखि

**काठमाडौ ।**
सङ्घीय संसद्को दुवै सदनको बर्खे अधिवेशन शुक्रबारदेखि प्रारम्भ हुँदैछ । राष्ट्रपति रामचन्द्र पौडेलबाट मन्त्रिपरिषद्को सिफारिसमा संसद्को दुवै सदनको अधिवेशन आह्वान भएकाले शुक्रवार दिउँसो १ बजे नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा अधिवेशन सुरु हुनेछ ।

नेपालका संविधानको धारा ९३ मा राष्ट्रपतिले समय–समयमा दुवै वा कुनै सदनका अधिवेशन आह्वान गर्ने व्यवस्था छ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भबीचको अवधि छ महिना भन्दाबढी हुन नहुने सवैधानिक व्यवस्था छ । संसद्को हिउँदे अधिवेशन गत चैत १८ गते अन्त्य भएको थियो । राष्ट्रपतिले प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न सक्ने व्यवस्था छ । राष्ट्रपतिबाट नीति तथा कार्यक्रममार्फत संसद्लाई सम्बोधन हुनेछ ।

संवैधानिक व्यवस्था अनुसार जेठ १५ गते आगामी आर्थिक वर्षका लागि अर्थमन्त्रीले बजेट प्रस्तुत गर्नुहुनेछ । यस अधिवेशनलाई बजेट अधिवेशनका नामले पनि सम्बोधन गरिन्छ ।

यही वैशाख १९ गते नीति तथा कार्यक्रम प्रस्तुत हुने र ‘प्री बजेट’ छलफल वैशाख २८ देखि हुने अनुमान छ । बजेट प्रस्तुत हुने १५ दिन अगावै प्री बजेट छलफल हुने कानुनी प्रावधान छ ।

त्यसपूर्व सदनमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा प्री बजेट छलफल हुने जनाइएको छ । यस पटक लामो समयदेखि प्रतिक्षा गरिएका सङ्घीय निजामती ऐन र विद्यालय शिक्षासम्बन्धी विधेयक प्रस्तुत भई निष्कर्षमा पु–याउन कोसिस हुनेछ ।

संसद् सचिवालयले अधिवेशन सञ्चालनका लागि गर्नुपर्ने व्यवस्थापकीय र प्राविधिक आवश्यक सम्पूर्ण तयारी पूरा गरेको सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए ।रासस

# सदनमा सशक्त रुपमा प्रस्तुत हुन अध्यक्ष दाहालको निर्देशन

**काठमाडौँ**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शिक्षकका जायज माग पूरा गर्न सरकारलाई सुझाव दिएका छन ।

साथै उनले आफ्नो पार्टीका सांसदलाई निजामती सेवा ऐनलगायत विधेयक सदनबाट पारित गराउन सक्रियतापूर्वक लाग्नुपर्नेमा जोड दिएका छन ।

पार्टी संसदीय दलको शुक्रवार भएको बैठकमा उहाँले शिक्षक, चिकित्सक तथा लघुवित्त पीडितहरूसँग आफ्नो संवाद भइरहेको सुनाउँदै सरकारलाई पनि समस्या समाधानतर्फ लाग्न सुझाउनुभएको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ । अध्यक्ष दाहालले सङ्घीय निजामती सेवा ऐन र विद्यालय शिक्षा विधेयकजस्ता महत्वपूर्ण विधेयकहरू संसद्बाट पारित गराउन सबै सांसद सक्रिय हुनुपर्नेमा जोड दिएका थिए । ‘तराई–मधेस जागरण अभियान’मार्फत माओवादीप्रति पुनः जनविश्वास स्थापित भइरहेको उल्लेख गर्दै अध्यक्ष दाहालले जनाधार भएका व्यक्तिहरू पार्टीमा प्रवेश गरिरहेको र त्यसले सङ्गठनलाई अझ मजबुत बनाएको बताए ।बैठकमा पछिल्लो राजनीतिक परिदृश्य, सरकारको कार्यशैली, पार्टीको भूमिका र जनअपेक्षाबारे छलफल भएको थियो ।रासस

# राष्ट्रपतिद्वारा शिक्षा मन्त्रीलाई शपथ

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तलाई पद तथा गोपनियताको शपथ गराएका छन ।

राष्ट्रपतिको कार्यालयमा बिहिवार आयोजित विशेष समारोहमा उनले शिक्षामन्त्री पन्तलाई शपथ गराएका हुन । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवाराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रीहरु, सांसदहरु, संवैधानिक निकायका प्रमुखलगायत उपस्थित थिए ।

नेकपा एमालेका नेता पन्तलाई प्रधानमन्त्री ओलीको सिफारिसमा बुधबार राष्ट्रपति पौडेलले शिक्षामन्त्री नियुक्त गरेका थिए । यसअघिका शिक्षामन्त्री विद्या भट्टराईले स्वास्थ्यको कारण देखाउँदै यही वैशाख ८ गते राजीनामा दिएका थिए । नव नियुक्त शिक्षामन्त्री पन्त समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधिसभा सदस्य हुन । रासस

# गाउँमै अल्लो प्रशोधन गरी कपडा उत्पादन



**दिपायल ।**
यहाँका जङ्गलमा खेर गइरहेको अल्लोलाई आम्दानीको स्रोत बनाउने लक्ष्यका साथ गाउँमै अल्लो प्रशोधन तथा कपडा उत्पादन गर्न थालिएको छ ।

जिल्लाको बडीकेदार गाउँपालिकासँगको साझेदारीमा पशुुपति अल्लो प्रशोधन तथा मसला उद्योग प्रालिले अल्लो प्रशोधन तथा यसको कपडा बुन्ने एकमहिने तालिम सञ्चालन गरेपछि महिला यस कार्यमा जुटेका हुन् । उक्त गाउँपालिका–४ काउलेबजारमा पालिकाको उद्यम विकास शाखाको अर्थिक सहयोग तथा जिआइजेडको प्राविधिक सहयोगमा गाउँपालिकाले करिब रु २० लाख लगानीमा अल्लो प्रशोधन गरी धागो र कपडा उत्पादनमा सहयोग तथा तालिम दिएको थियो ।

अल्लो प्रशोधनका लागि उपकरण र कपडा बुन्ने तानलगायत सामग्री बडीकेदार गाउँपालिकाले उपलब्ध गराएपछि गाउँमै धागो र कपडा उत्पादन गर्न थालिएको उद्यम विकास शाखा प्रमुख भूपेन्द्रबहादुर बोहराले जानकारी दिए । यहाँका १५ जना महिला मिलेर अल्लो प्रशोधन तथा कपडा बन्नमा जुटेका उहाँले बताए ।

गाउँपालिका अध्यक्ष भैरव साउदले पछिल्लो समय अल्लोको धागो र कपडाको माग उच्च रहेकाले पालिकाले आवश्यक सहयोग गरेको बताए । अल्लोको कपडाबाट कोट, टोपी, झोला, जुत्तालगायतका सामग्री निर्माण गर्ने तालिम सञ्चालन गरी यस कार्यमा लाग्न सहजीकरण गरिएको उहाँले बताए ।

गाउँपालिकाका उपाध्यक्ष डम्बरी विष्ट कलेलले अल्लोको व्यावसायिक उत्पादन गरी बजार विस्तार गर्नुपर्ने बताए । यस व्यवसायलाई पूर्णकालीन बनाउँदै उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरसम्म विस्तार गर्नुपर्ने उनको भनाइ छ ।

गाउँमै अल्लो प्रशोधन गरी धागो र कपडा उत्पादन हुन थालेपछि स्थानीय उद्यमीको आम्दानीको आधार बन्न थालेको उद्यमी तुल्सी बुढामगरले बताए । उनले यस कार्यको दीगो व्यवस्थापनका लागि आफूहरू जुटेको र यसमा सरोकार भएका निकायले पनि थप प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ । 'आवश्यक तालिम र उपकरण पाएपछि हामी १५ जना महिला यसमा जुटेका छौँ ।

स्थानीय स्रोतको उपयोग गरी हाम्रो आम्दानीको स्रोत पनि बनेको छ । यसको दीगो व्यवस्थानका लागि सरोकार भएका निकायले थप सहयोग र बजार विस्तारका लागि सहजीकरण गरिदिने अपेक्षा गरेका छौँ', उनले भने ।रासस

# बुल्दीखोला पुल सम्झौताभन्दा चार महिना अगावै तयार

**तनहुँ ।**
जिल्लाको व्यास नगरपालिका–१ र २ जोड्ने कराङकाठ–बसपार्क जाने बुल्दीखोलामा निर्माण गरिएको मोटरेबल पुल सम्झौताअघि नै निर्माण भएको छ । आगामी भदौ २२ गतेभित्र निर्माणसम्पन्न गर्नेगरी निर्माण कम्पनीसँग भएको सम्झौताभन्दा चार महिना अगावै पुल तयार भएको ज्वालामुखी कन्स्ट्रक्सनका सुपरभाइजर नारायण पाण्डेले जानकारी दिए । पुल २५ मिटर लम्बाइ र आठ दशमलव ४० मिटर चौडाइको रहेको छ । पाण्डेले भने, 'पुल निर्माण कार्य सकिएको छ, अब फिनिसिङ्गो काम भइरहेकाले औपचारिक रूमा गाडी गुड्न मिलेको छैन । मोटरसाइकल भने गुड्न थालेका छन्, अबको एक हप्ताभित्रमा गाडी पनि आवतजावत गर्न मिल्छ । कम्पनीले उच्च प्राथमिकताका साथ काम गरेकाले यो सम्भव भएको हो ।'



निर्माण कम्पनीले अब छिट्टै नगरपालिकालाई हस्तान्तरण गर्ने तयारीमा रहेको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले बताए । उनले भने 'ईमान्दार भएर काम गर्ने हो भने सम्झौता अवधिभन्दा अघि पनि काम गर्न सकिन्छ भन्ने गतिलो सन्देश प्रवाह भएको छ । यसबाट अन्य निर्माण व्यवसायीले पनि केही सिक्न आवश्यक छ ।'

समयअगावै गुणस्तरीय निर्माण कार्यसम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्नुपर्ने कानुनी व्यवस्था रहेको सोअनुसार पुल निर्माण कम्पनीलाई पुरस्कृत गरिने नगरपालिकाले जनाएको छ ।

पुल निर्माणका लागि व्यास नगरपालिकाको समपूरक योजनाअन्तर्गत रु छ करोड ११ लाख ३२४ बजेट विनियोजन गरिएको थियो । पुल बनेपछि आवागमन सहज हुनाका साथै खोला किनारका करिब एक सय घर संरक्षणमा सहयोग पुग्ने सामुदायिक टोल विकास संस्था कराङकाठ बसपार्कका अध्यक्ष सोमनाथ पौडेलले जानकारी दिए ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेले पुल निर्माणपछि बसपार्कमा गाडी व्यवस्थापनका साथै सवारीसाधन र स्थानीयलाई आवतजावतमा सहज हुने विश्वास व्यक्त गरे ।रासस

# 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत गोरखामा साढे ३३ हजार धारा जडान

**गोरखा ।**
गण्डकी प्रदेश सरकारले सुरु गरेको 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत गोरखामा ३३ हजारभन्दा बढी घरमा खानेपानीका धारा जडान गरिएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखामार्फत चालु आर्थिक वर्षसम्म करिब ३३ हजार ७१५ धारा जडान गरिएका हुन् ।

कार्यालको तथ्याङ्कअनुसार आव २०८०÷८१ सम्म जिल्लाभर ३३ हजार २१५ धारा जडान गरिएकामा चालु आवमा थप पाँच सयभन्दा बढी धारा जडान भएका हुन् । यो जिल्लाको कुल लाभग्राहीमध्य ९१ दशमलव पाँच प्रतिशत हो । कार्यालयका सब–इन्जिनियर दीपक खनालले यो कार्यक्रम लागू भएको पाँच वर्षमा उल्लेख्य प्रगति भएको बताए । 'हामी कार्यक्षेत्र गोरखा र लमजुङ हो । चालु आवमा दुवै जिल्लाका लागि नौ सय १५ वटा धारा जडान गर्ने कार्यक्रम छ, त्यसमध्ये करिब ३०० धारा लमजुङमा जडान भएका छन भने बाँकी गोरखामा जडान भएका छन', उनले भने ।

एक घर एक धारा कार्यक्रमका लागि कार्यालयमा चालु आवमा ३० करोड ३० लाख रुपैया बजेट प्राप्त भएको खनालले जानकारी दिए । उक्त रकमबाट दुवै जिल्लामा कार्यक्रम सञ्चालन गरिएको हो । 'हालसम्म जिल्लाको ९१ दशमलव पाँच प्रतिशत जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ । यो तथ्याङ्क अन्य जिल्लाहरूको तुलनामा धेरै राम्रो हो', उनले भने । लमजुङमा आधारभूत खानेपानी पहुँच ८५ दशमलव ८८ प्रतिशत रहेको छ भने त्यहाँ हालसम्म करिब १९ हजार ४२० वटा खानेपानी धारा जडान गरिएका छन् ।

कार्यालयले धारा नभएका ठाउँमा जडान गर्ने र धारा भएका ठाउँहरूमा मर्मतसम्भारको काम गरिरहेको छ तर पानीको स्रोत सुनिश्चितताको जिम्मा भने आफूहरूमा नरहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाका प्रमुख तुल्सी बस्नेतको भनाइ छ । 'पानीको स्रोत सुनिश्चितता र मूल दर्ताको काम भने स्थानीय सरकारको हो । हाम्रो कार्यालयले आयोजना निर्माणको काम मात्र हेर्छ । सोहीअनुसार काम गरिरहेका छौँ', उनले भने ।

जिल्लामा आर्थिक वर्ष २०७५÷७६ देखि एक घर एक धारा अभियान सुरु भएको थियो । अभियानअन्तर्गत पानीको धारा निर्माणको काम करिब सम्पन्न भए पनि मर्मतसम्भार र नयाँ आयोजनाका काम भने निरन्तर सञ्चालन हुने कार्यालयले जनाएको छ ।रासस

# साउदी दरबारका 'स्लिपिङ प्रिन्स' जो २००५ देखी अझै सुतिराखेका छन्

**रियाद ।**
साउदी अरेबियाका राजकुमार अल–वालिद बिन खालिद बिन तलाल, जसलाई प्रायः 'स्लिपिङ प्रिन्स' भनेर चिनिन्छ ।





गत हप्ता उनले आफ्नो ३६ औं जन्मदिन कोमामा नै मनाएका छन् । उनले यसरी कोमामा नै जन्मदिन मनाएको झण्डै दुई दशक बढी भइसकेको छ, जसका कारण उनलाई 'स्लिपिङ प्रिन्स' भनिएको हो ।

सन् २००५ मा लण्डनमा भएको कार दुर्घटनामा मस्तिष्कमा गम्भीर चोट लागेपछि उनी कोमामा गएका थिए र त्यसबेला देखि नै उनी त्यही अवस्थामा कोमा नै रहेका छन ।

राजकुमार अल वालिद करिब १९ वर्षदेखि भेन्टिलेटर र फिडिङ ट्यूबको सहयोगमा जीवन बाँचिरहेका छन् । उनलाई रियादको किंग अब्दुलाजिज मेडिकल सिटीमा समर्पित मेडिकल टोलीको निगरानीमा राखिएको छ। चिकित्सकहरुका अनुसार उनको स्वास्थ्यमा केही वर्षयता कुनै परिवर्तनसमेत आएको छैन्, उनी जस्ताको तस्तै छन् । फगत यति हो कि उनी जीवीत रहेका छन् । सन २०१९ मा एक समय थियो, जब उनको औंलाहरूमा केही हल्का हलचल देखिएको थियो र उनको टाउको पनि हल्का हल्लिएको थियो। यो खबर उनको स्वास्थ्य लाभको लागि प्रार्थना गर्नेहरुका लागि आशाको किरण बन्यो। तर, बिडम्बना त्यस पछि कुनै ठोस सुधार भएको छैन।राजकुमार अल वलीदका बुबा राजकुमार खालिद बिन तलाल र आमा राजकुमारी रीमा बिन्त तलाल अझै पनि अल्लाहको कृपा र छोराको जाग्ने आशामा बाँचिरहेका छन्। प्रिन्स खालिदले यसअघि धेरै पटक भनेका छन् कि उनले जीवन समर्थन उपकरणहरू हटाउन कहिल्यै अनुमति दिने छैनन किनकि उनी यसलाई अल्लाहको इच्छा मान्छन्।

यस वर्ष अप्रिल १८ मा उनको जन्मदिनको बारेमा परिवारले कुनै आधिकारिक बयान जारी गरेको छैन। तर संसारभरका मानिसहरूले सामाजिक सञ्जालमा उनको लागि प्रार्थना पठाए र एक दिन होश फर्कने आशा व्यक्त गरे ।एजेन्सी

# डिपसिकले सहमतिबिना चिनियाँ कम्पनीलाई डाटा हस्तान्तरण गरेको दक्षिण कोरियाको आरोप

**सियोल ।** चिनियाँ आर्टिफिसियल इन्टेलिजेन्स एप डिपसिकले प्रयोगकर्ताको सहमति बिना नै क्लाउड सर्भिस प्लेटफर्ममा व्यक्तिगत डाटा ट्रान्सफर गरिरहेको दक्षिण कोरियाको डाटा सुरक्षा प्राधिकरणले बिहीबार जनाएको छ । प्राधिकरणका अनुसार यो अझै डाउनलोडका लागि उपलब्ध रहेको थियो ।

व्यक्तिगत सूचना संरक्षण आयोग (पिआइपिसी) का अनुसार एआई प्रम्प्टमा उपकरण, नेटवर्क र प्रयोगकर्ता इनपुटहरू समावेश रहेको जानकारी बेइजिङ प्लेटफर्म भोल्केनो इन्जिनमा सर्भरहरूमा हस्तान्तरण गरिएको थियो ।

डिपसिकको आर १ च्याटबटले पश्चिमी प्रतिस्पर्धीहरूको कार्यहरूसँग मेल खाने क्षमता नगण्य लागतमा देखाएपछि जनवरीमा लगानीकर्ताहरू र उद्योग विशेषज्ञहरूलाई आश्चर्यचकित पारेको थियो ।


यद्यपि दक्षिण कोरिया, इटाली, अस्ट्रेलिया र केही अमेरिकी राज्यहरूले डिपसिकको प्रयोगकर्ता डेटाको भण्डारणमाथि प्रश्न उठाएका छन् र यसको प्रयोगमा प्रतिबन्ध वा सीमित गरेका छन् ।

पिआइपिसीले फेब्रुअरीमा अनुसन्धान सुरु ग¥यो र डिपसिकको व्यक्तिगत डाटा सङ्कलन अभ्यासहरूको समीक्षा पूरा नभएसम्म यो अब डाउनलोडका लागि उपलब्ध हुनेछैन भन्यो ।

'सुरुमा, डिपसिकले प्रयोगकर्ताहरूको सहमति प्राप्त नगरी वा सेवा शुरू हुँदा गोपनीयता नीतिमा यो खुलासा नगरी चीन र संयुक्त राज्य अमेरिकामा अवस्थित कम्पनीहरूमा व्यक्तिगत डाटा स्थानान्तरण गरेको थियो', आयोगका अधिकारी नाम सेओकले पत्रकारहरूलाई भने, 'विशेष गरी, डिपसिकले उपकरण, नेटवर्क र एप जानकारी मात्र नभई, एआई प्रम्प्टहरूमा प्रयोगकर्ता इनपुटहरू पनि भोल्केनो इन्जिनमा स्थानान्तरण गरेको पुष्टि भएको थियो ।'एएफपी

# नियम तोडेको भन्दै एप्पल र फेसबुकलाइ युरोपेली आयोग लगायो ७०० युरो जरिवाना

**ब्रसेल्स ।**
युरोपेली संघले एप्पल र मेटा (फेसबुक) लाई ब्लकको ल्यान्डमार्क डिजिटल मार्केट्स ऐन उल्लङ्घन गरेको भन्दै७०० मिलियन यूरो जरिवाना गरेको छ ।




विश्वका बिग टेक फर्महरूको शक्तिमा लगाम लगाउन डिजाइन गरिएको नयाँ नियम अन्तर्गत पहिलो पटक यो जरिवान र प्रतिबन्ध जारी गरिएको हो ।

एप विकासकर्ताहरूले वैकल्पिक बिक्री र प्रस्तावहरूको बारेमा प्रयोगकर्ताहरूसँग सञ्चार गर्ने तरिकालाई प्रतिबन्धित गरेकोमा एप्पललाई ५०० मिलियन जरिवाना लगाइएको थियो।

मेटालाई भने यसको विवादास्पद 'भुक्तानी वा सहमति' मोडेलको लागि २०० मिलियन यूरो जरिवाना गरेको छ । जसले इयुमा प्रयोगकर्ताहरूलाई या त फेसबुक र इन्स्टाग्राममा विज्ञापन रहित पहुँचको लागि भुक्तान गर्न वा लक्षित विज्ञापनहरूमा हेर्न बाध्य पारेको छ ।

इयुको युरोपेली दण्ड आयोगका कार्यकारी निकायद्वारा एक वर्ष लामो अनुसन्धान पछिकम्पनीहरूले डिएमए (युरोपेली कानुन) को पालना गरिरहेका छन कि छैन भनेर गत वर्ष अध्ययन गरेको थियो । यसको जरिवानाको साथसाथै एप्पलले बन्द आदेश प्राप्त गरेको छ, अबको जुन महिनाको अन्त्यसम्ममा यसको एप स्टोर सञ्चालनहरूमा थप परिवर्तनहरू गर्न आवश्यक छ। यदि कम्पनीले पालना गर्न असफल भयो भने आयोगले निरन्तर उल्लंघनको लागि पुनः दैनिक रूपमा जरिवाना लगाउन सक्छ।

उता, दण्ड अधिकारीहरूले मेटाले गत वर्षको अन्त्यमा प्रस्तुत गरिएका परिवर्तनहरू पनि समीक्षा गरिरहेका छन् कि यसको अद्यावधिक मोडेलले नियमलाई सन्तुष्ट गर्छ कि गर्दैन भनेर मूल्याङ्कन गर्ने जनाएको छ । सो आयोगले जोड दियो कि बुधवारको जरिवाना प्रक्रियागत प्रकृतिको हो । युरोपेली आयोगको 'एन्टी ट्रस्ट' नियम अन्तर्गत जारी गरिएको जरिवाना भन्दा उल्लेखनीय रूपमा सानो छ । जसले प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने र कम्पनीहरूलाई एकल बजारमा एकाधिकार अन्त्य गर्ने लक्ष्य लिएको छ ।एजेन्सी

# राष्ट्रियसभालाई निकास दिने थलोका रुपमा विकास गरिनुपर्छः अध्यक्ष दाहाल

*अध्यक्ष नारायण दाहालले राष्ट्रियसभाको नेतृत्वको जिम्मेवारी समालेको चौध महिना भएको छ । शुक्रवार वैशाख १२ गते शुक्रबारदेखि सङ्घीय संसद्को वर्षे अधिवेशन सुरु हुँदैछ । राष्ट्रियसभाको गतिविधि, अबको योजना, संविधान कार्यान्वयन र संशोधनलगायत सदनमा जनसरोकारका विषयको उठान तथा कार्यान्वयनको अवस्थालगायत समसायिक विषयमा अध्यक्ष दाहालसँग राससका प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र समाचारदाता सुशील दर्नालले लिएको अन्तर्वार्ताको सम्पादित अंशः*



**राष्ट्रियसभाका गतिविधि के विषयमा केन्द्रित छन् ? अहिले के, कस्ता विषयमा व्यस्त हुनुहुन्छ ?**

अध्यक्ष दाहालः यसबीचमा अलि नयाँ ढङ्को योजना बनाइएको थियो । यही वैशाख १० गते सबै प्रदेशबाट प्रतिनिधित्व गर्ने 'माननीय' आ–आफ्नो निर्वाचन क्षेत्रको प्रदेशमा जाने र निर्वाचन मण्डलसँग भेटघाट गर्ने कार्यक्रम थियो । तर अघिल्लो पटक प्रतिस्थापन विधेयकमाथिको छलफल लम्बियो भने यो पटक अनुमान गरिएभन्दा केही दिन पहिले सदन आह्वान भयो । त्यसकारण प्रदेश, जिल्ला र स्थानीय तह जाने कार्यक्रम हुन सकेन । अर्कोतर्फ अहिले बजेट तयारीको चटारो छ । सासद्सहित हामी पदाधिकारी र प्रशासनिक कर्मचारी त्यसमै केन्द्रित भई छलफलमा व्यस्त छौँ । संसदीय गतिविधि र भैपरि आउने समस्याको समाधान तथा सम्भावनाको खोजीमा लागि परेको छु । मेरो हुटहुटी भनेको विगतका अभ्यास र अनुभवबाट पाठ सिक्दै, समस्या पहिचान गरी आगामी दिनमा राष्ट्रियसभालाई प्रभावकारी बनाएर लैजानुपर्छ भन्नेमा केन्द्रित भइ छलफलमा जुटिरहेको छु ।

**सङ्घीय संसद्को अधिवेशन भोलि वैशाख १२ गतेदेखि सुरु हुँदैछ, यसलाई अलि भिन्न र विशेष बनाउने कार्यक्रम छ ?**

हो, सभालाई अलि नयाँ ढङ्गले लैजानुपर्छ भनेर आन्तरिक तयारी गरिरहेका छौँ । यो राष्ट्रियसभाको १८औँ अधिवेशन हो । अधिवेशनमा 'विजनेश'कारूपमा प्रस्तुत गर्नुपर्ने केही विधेयक समितिमा छलफलमा छन् भने कुनै दर्ता र टेबुल मात्रै भएका छन् । राष्ट्रियसभाबाट पास भई प्रतिनिधिसभाबाट सन्देशसहित आउनुपर्ने सात वटा विधेयक थाँती छन्, दुई वटा विधेयक विधायन समितिमा छलफलकै क्रममा छ । ती विधेयकलाई अब संसद् चल्नासाथ प्रक्रिया अगाडि बढाइनेछ । यो बाह्य पक्ष भयो । आन्तरिक भनेको अहिलेको सदनलाई व्यवस्थित कसरी गर्न सकिन्छ भन्ने नै हो । राष्ट्रियसभाप्रतिको बुझाइभन्दा अलि फरक गर्नुपर्नेछ । वैचारिक र सैद्धान्तिकरूपले अलि प्रक्रियागत र कामकाजी भएका कारण जनतामा अन्यौल र वितृष्णा देखिएको छ । संसद्ले अहिले सडकमा देखिएका विषयवस्तुलाई पनि सम्बोधन गर्नुपर्नेछ । हाम्रा त्रुटी कहाँनिर हो, कसरी पत्ता लगाउने भन्ने मूल प्रश्न छ । राष्ट्रियसभा बौद्धिक जमात भएकाले नयाँ सन्देश दिन सक्नुपर्छ । अहिलेसम्मको मूल्याङ्कनबाट वेतिथि भएर सभा चलेको छैन । विभिन्न दलको प्रतिनिधित्व हुने भएकाले यो सभा राष्ट्रिय राजनीतिबाट अछुत पनि रहन सक्दैन । सभालाई अलि नयाँ ढङ्गले लैजानुपर्छ भन्ने उद्देश्यले आन्तरिक तयारीमा सचिवालय जुटिरहेको छ ।

**सभालाई थप प्रभावकारी कसरी बनाउँदै हुनुहुन्छ ?**

विगतमा कहाँनिर त्रुटि भयो भनी खोज्ने काम भइरहेको छ । त्यसलाई सच्याउनतर्फ भरपुर कोशिस हुने छ । अहिलेसम्म आइपुग्दा प्रभावकारी ढङ्गले अगाडि बढेको छ भन्ने नै अनुभूति छ । सम्माननीय राष्ट्रपति र प्रधानमन्त्री तथा अरु बौद्धिक जमातसँगको कुराकानीबाट राष्ट्रियसभाले एउटा गति लिएको छ । तपाईँलाई धन्यवाद र बधाई छ भनेकाले संसद् सञ्चालन विधि, प्रक्रिया, प्रणालीलाई अझै फरक र सक्रिय बनाउँदै लगिएको भन्ने पुष्टि भएको छ । विगतका अभ्यासमा केही परिवर्तन गरी विशेष समय र शून्य समय दैनिक चलाउने अभ्यास सुरु भएको छ । यसले एउटा खालको रौनक आएको अनुभूति भएको छ । अहिले 'माननीय' सदस्यहरूले बोल्न पाइएन भन्ने चिन्ता लिनुपर्ने अवस्था छैन । शून्य समयमा दिनदिनै एक मिनेटमा धेरै कुरा बोलिन्छ । विगतमा माननीयले बोल्न पाइएन भन्ने गुनासो अध्यक्षले धेरै नै सुन्नुपथ्र्यो । त्यो झन्झटबाट अहिले मुक्त भएको छु । शून्य समय एक मिनेटले पुग्दैन भने पनि कार्यव्यवस्थामा छलफल गरौँ समय बढाइदिन्छु पनि भनेको छु । अर्कोतर्फ आकस्मिक समयमा पनि सदस्यलाई बोल्न भनिएकै छ ।

**राष्ट्रियसभाले प्रादेशिक समय निर्धारण गरी छलफल सुरु गरेको छ, त्यो कसरी अघि बढेको छ ?**

राष्ट्रियसभामा आकस्मिक, शून्य, विशेष र प्रादेशिक समयको अभ्यास छ । यो अभ्यासबाट सबै सदस्यलाई बोल्ने समय प्राप्त हुन्छ । हामी कार्यव्यवस्था समितिको बैठकमा 'माइन्युट' कम तर, छलफल बढी गर्छौं । सभा सदस्यहरुकै हो । मेरो सदन चलाउने जिम्मेवारी मात्र हो । त्यो भएर माननीयज्यूलाई नै समय दिन्छु । राष्ट्रियसभा सञ्चालनमा उहाँहरुबाट बधाई पाइरहेकै छु । नियमावलीमा भएको प्रावधानअनुरूप अध्यक्षको जिम्मेवारीमा आएपछि 'प्रादेशिक समय' सुरुवात भयो । त्यसलाई अलि नयाँ ढङ्गबाट अभ्यासमा लैजान सोच्दै छु । अघिल्लो अधिवेशनबाट 'मन्त्री'सँगको प्रश्न–उत्तर सुरु भएको छ । अब प्रधानमन्त्रीसँग प्रश्न आयो भने त्यो व्यवस्था पनि गर्ने योजना छ । राष्ट्रियसभा अध्यक्ष भएर काम गर्दै गर्दा अहिले भएका अभ्यासबाट सन्तुष्ट छु ।

**राष्ट्रियसभाको नेतृत्व सम्हालेपछिको संसदीय अनुभव र अभ्यास कस्तो रह्यो ?**

राष्ट्रियसभा प्रतिनिधि सभाको छायाँ नहोस् भन्नेमा म सतर्क छु । राष्ट्रियसभाबारे संविधानले जे परिभाषा गरेको छ, जनताले जे अपेक्षा गरेका छन्, बाहिर जे आँकलन छ, यसलाई प्रभावकारी र नतिजामुखी तुल्याउन अझ धेरै मेहनत गर्नुपर्छ भन्नेमा छु । राष्ट्रियसभा भनेको जनताका दैनिकीसँग भन्दापनि सैद्धान्तिक रूपमा विकास र संसदीय निकासको निम्ति हुनुपर्छ भन्ने हो । अघिल्लो अधिवेशनमा प्रवेश पाएका अध्यादेश र प्रतिस्थापन विधेयक त्यो राष्ट्रियसभामा रोकियो । प्रधानमन्त्री, सभामुख र प्रतिपक्ष दलका नेतासँगको छलफलपछि पाँच वटै विधेयक सर्वसम्मतिले पारित पनि भयो । जे–जस्ता समस्या भएपनि राष्ट्रियसभाले राजनीतिक, सैद्धान्तिक र वैचारिक निकास दिन्छ । त्यही दिशातिर सोचिरहेको छु ।

**कतिपय घटनाले राष्ट्रियसभा राजनीतिक आचरण र व्यवहारमा प्रतिनिधिसभा भन्दा भिन्न देखिएन भन्ने आरोप्रति यहाँको धारणा के छ ?**

राष्ट्रियसभा समस्या निम्त्याउने होइन, समाधान दिने थलो हो । प्रतिनिधिसभामा सबै सांसद एकैचोटी उठेर बोल्न खोज्नुहुन्छ, तर यो सभामा भने एक जना बोलेपछि मात्रै अर्को माननीय बोल्ने चलन छ । प्रतिनिधिसभा र राष्ट्रियसभामा विरोध जनाउने शैली फरक छ । यहाँ विरोध जनाउन र आफ्ना विचार तथा विषयवस्तु राख्न पाइन्छ । सदन भएपछि विरोध र राजनीतिक कुरा हुन्छ नै । तर राष्ट्रियसभालाई निकास दिने थलोका रूपमा विकास गर्नुपर्छ । देशमा आएका राजनीतिक समस्याहरु, संविधानमा देखापरेका अस्पष्टताहरु, नेपाली जनताको भावनाहरुलाई राष्ट्रियसभाले निकास दिने हो । पछिल्लो समयमा राष्ट्रियसभामा आएका कुनैपनि विधेयक अड्किएको छैन । बरु राष्ट्रियसभाबाट पास भएर गएका सात वटा विधेयक प्रतिनिधि सभामा थन्किएका छन । तर, हामीले प्रतिनिधि सभाबाट आएका एउटा पनि विधेयक राखेका छैनौँ । अध्यादेशमार्फत् प्रतिस्थापन विधेयक अड्किने हो कि भन्ने डर थियो तर पास भयो । अहिले राष्ट्रियसभाका समितिमा पानी जहाज र विज्ञान प्रविधिसँग सम्वन्धित विधेयकमाथि घनिभूत छलफल भइरहेको छ । थप अरु दुई वटा विधेयक सचिवालयमा दर्ता भएका छन् । सामाजिक सञ्चालनसँग सम्वन्धीत विधेयक अगाडि बढाउँदै छौँ । यो विधेयकमा सबैको चासो छ । राष्ट्रियसभामा बामदेव गौतम, कृष्णप्रसाद सिटौला, डा वेदुराम भुषाल, नारायणकाजी श्रेष्ठ जस्ता लामो समय राजनीतिमा संलग्न अनुभवी नेता हुनुहुन्छ । त्यसैले पनि यो सभालाई संविधान अनुसार नै अलि फरक ढङ्गले लैजानुपर्छ भन्ने छ । अझै सयौँको सङ्ख्यामा कानून बन्न बाँकी नै छ । जनभावना अनुरूप यो सभालाई विचारमाथिको मन्थन शिष्ट, भद्र र निकास दिने गरी जानुपर्छ भन्नेमा म सचेत र सतर्क छु । जनताबाट कानुन बनाउन ढिला भयो भन्ने आरोपबाट बच्न जरुरी छ । प्रतितिनिधिसभाले निकास दिन नसकेर लामो समयदेखि अड्किएका विधेयक यो सभालाई प्राप्त भएमा त्यसलाई हल गरेर पठाउन सक्षम छौँ ।

**सञ्चालन विधि, राजनीतिक विषयस्तु, कार्यसूची लगायत विषयमा प्रतिनिधि सभाभन्दा यो सभा भिन्न देखिएन, यसमा कहाँनिर सुधारको खाँचो देख्नुभएको छ ?**

संसदीय अभ्यासमा सुधार गर्नुपर्ने धेरै विषय छन् । हालको सदन सञ्चालन गर्ने विधि र प्रक्रियाप्रति नै म सन्तुष्ट छैन । पाँच मिनेट जनाउ घण्टी बजाउने, हुन्छ र हुन्न, हुन्छ भन्नेले हुन्छ भन्नुहोस, हुन्न भन्नेले हुन्न भन्नुहोस भन्ने प्रक्रियाप्रति म सन्तुष्ट छैन । यो विषय एकै पटकमा गर्न सकिन्छ । एउटै विधेयक पास गर्न कम्तिमा ५÷६ पटक सम्म हुन्छ कि हुन्न भन्नुपर्छ । यो विधि र प्रक्रिया छोट्याउनुपर्छ । परिवर्तन गर्नुपर्छ । त्यसको लागि जमर्को पनि गरियो । अझै पनि कतिपय 'माननीय' अलमलमा परेर विगतको अभ्यास र परम्परा तोड्नु हुन्न भन्नुभयो । यस्ता विषय हटाउन सर्वसम्मत नभइ परिवर्तन गर्न सकिँदैन । अर्को सैद्धन्तिक छलफलमा सहभागि हुन नाम टिपाउने समयलाई घटाएर दुई मिनेटमा झारिएको छ । त्यसमा अझै सुधारको खाँचो छ । यस्ता श्राद्धमा विरालो बाँध्ने चलनलाई समयानुकूल बनाउँदै लैजानुपर्छ । पञ्चायतकालीन र उसबेलाका बेलायती सदनको अभ्यास र चलनलाई सुधार गरी अघि बढ्नुपर्छ । त्यस्ता प्रक्रिया संविधानसँग भने बाझिनु हुँदैन भन्ने पक्षलाई पनि त्यत्तिकै ख्याल गर्नुपर्छ ।

**राष्ट्रियसभाले जनसरोकारका विषयलाई कसरी सम्बोधन गरिरहेको छ ?**

राष्ट्रियसभा प्रदेश र पलिकाप्रति उत्तरदायी हुनुपर्छ । यो सभाले समग्र जनप्रतिनिधिको प्रतिनिधित्व गर्छ । त्यहाँका आफना् मतदातालाई भेटेर सङ्घीयता कार्यान्वयनको अवस्था, कानून निर्माण, सङ्घ, प्रदेश र स्थनीय तहबीचमा देखिएका कानूनी जटिलता, बजेट निर्माण प्रक्रियामा बुझ्ने योजना थियो । तर विविध कारणले यस पटक त्यसको अनुगमन गर्न अनुकूल भएन । त्यहाँ तर्जूमा गरेको बजेट, छनोट गरेका योजनाको कार्यान्वयनको अवस्थाको बारे पनि हामीले बुझ्नुपर्छ । प्रदेश र सङ्घबीचको मतभिन्नता लगायतका विषयमा छलफल गर्ने र सम्बोधन गर्न पहल गर्ने भनिएको थियो । कम्तीमा वर्षको दुई पटक आफ्ना मतदातासँग भेटेर समस्या सुन्ने र समाधान गर्नेतर्फ लाग्ने कार्ययोजना थियो । तर अहिले तत्काल गर्न नसकेपनि अब आउँदो आर्थिक वर्ष त्यो हुन्छ । यो हाम्रा लागि नयाँ र रचनात्मक काम हुनेछ ।

**राज्यप्रतिको विश्वास घटेको, युवाको विदेश पलायनको सङ्ख्या बढेको तथा सुशासन लगायतका यावत् प्रश्न उठ्नुलाई यहाँले कसरी हेर्नुभएको छ ?**

हाम्रो अनुभवमा नेपाल संविधान निर्माण गर्न र राम्राराम्रा नारा बनाउने मामिलामा सिपालु र धनी छ । प्रत्येक सरकारले जनहितका लागि भनी नयाँ र मिठा नारा दिन्छन् । तर कार्यान्वयन र जिम्मेवारी लिनेमा कमजोर छौँ । रोजगारी, विदेश पलायन, शिक्षा र स्वास्थ्यको सवालमा अहिलेसम्म बनेका सरकारले दिएका 'गाउँगाउँ सहकारी, घरघरमा भकारी', 'समृद्ध नेपाल सुखी नेपाली', 'गाउँगाउँमा सिंहदरबार' जस्ता राम्रा नारा र मिठा नारा कार्यान्वयन भएनन् । यी सुन्दा राम्रो लाग्छ, तर कार्यान्वयन हुँदैन । त्यसको कार्यान्वयन गर्न सरकार र राजनीतिक नेतृत्वमा दृढ इच्छाशक्ति चाहिन्छ । युवालाई विदेश पठाउने मामिलामा पनि नेपाल अगाडि नै छ, जुन गलत हो । संविधानले हामीलाई त्यो छुट दिँदैन । संविधानमा लेखिएका रोजगारी, शिक्षा, र स्वास्थ्यलगायत मौलिक हकका विषयमा राज्यले गम्भीर हुनुपर्छ । हामी जनताको सवालमा गम्भीर नहुँदा निरंकुश चरित्र भएका पक्षबाट धमिलो पानीमा माछा मार्ने काम भइरहेको छ । हामी जनताप्रति जिम्मेवार र उत्तरदायी भइदिएको भए अस्ताएका र सिद्धिएका शक्ति फेरि उठ्ने मौका पाउने थिएनन् । राजनीतिक दलहरुले गम्भीरता र एकताबद्ध भएर काम गर्नुपर्ने बेला आएको छ । ठूला दल र शक्तिशाली सरकार मात्र भएर हुँदो रहेनछ भन्ने कुरा विस २०७४ सालमा नेकपाको दुई तिहाइको सरकार गठन भएर के भयो त भन्ने उदाहरण दिन सकिन्छ । त्यसकारण राजनीतिक अस्थिरताका कारण समस्या सिर्जना भएको भनने विषय पनि गलत सावित भइसकेको छ । अहिले पनि झन्डै दुई तिहाईको सरकार छ, काम फटाफट हुन सकिरहेको छैन । स्थिरताका निम्ति राजनीतिक दलले जनतासामु गरेका प्रतिबद्धता पूरा गर्ने इच्छाशक्ति हुनुप¥यो । त्यसतर्फ सबै राजनीतिक दलको ध्यान जान आवश्यक छ ।

**पछिल्लो समय संविधान संशोधनको चर्चा छ, यस सन्दर्भमा उपराष्ट्रपतिलाई राष्ट्रियसभा अध्यक्ष बनाउनुपर्छ भन्ने मत पनि अघि सारिएको छ नि ?**

उपराष्ट्रपतिलाई नै राष्ट्रियसभाको अध्यक्ष बनाउने कुराले सिङ्गो राष्ट्रलाई फाइदा हुन्छ भने मेरो कुनै आपत्ति छैन । तर त्यसको लागि पनि संविधान नै संशोधन गर्नुपर्छ । यदि राजनीतिक खेतीका लागि मात्रै यो विषय उठाइएको हो भने त्यो आफ्नो ठाउँमा भयो । नेपालले अहिले गरिरहेको अभ्यास र उपराष्ट्रपतिलाई अध्यक्ष बनाउने दुवै विषय विश्वमा भएकै अभ्यास हुन् ।

**कानुन निर्माणमा सरकारको सहयोग कस्तो छ, सभाले कतिको बिजनेस प्राप्त गरिरहेको छ ?**

सरकारले सदनलाई पर्याप्त बिजनेस दिनुपर्छ । कानून बनाउने प्रक्रियाको सुरुआत सरकारले गर्ने हो । सदनले होइन । पहिला सरकारले कानूनको विधेयक ल्याउनुप¥यो । त्यसलाई राष्ट्रियसभामा दर्ता गर्नुप¥यो । त्यसको आधारमा प्रक्रियागतरूपमा छलफल अगाडी जाने हाम्रो विधि र पद्धति हो । मैले सरकारलाई जतिसक्छौँ त्यति विधेयक राष्ट्रियसभामा दर्ता गर्नुस् हामीले अगाडि बढाउँछौं, रोक्दैनौ भनेको छु । कहिलेकाहीँ त बिजनेस नपाएर बैठक यत्तिकै स्थगन गर्नुपर्छ । कानून निर्माण गर्ने आवश्यकता खड्किएको छ । संविधान बनेको दश वर्ष भयो । संविधानमा उल्लेख भएका विषय व्यवहारमा कार्यान्वयनमा लैजान कानून बनाउनु पर्नमा आवश्यक प्रगति हुन सकेको छैन । समग्रमा २०–२२ वटा यतिकै 'पेन्डिङ' मा छन । कानूनको अभावमा जनताका अपेक्षा पूरा गर्न सकिएको छैन । अब कानून निर्माण प्रक्रियमा हामी अलि बढी गम्भीर बन्नुपर्छ ।

**'राष्ट्रियसभामा जनताका जल्दाबल्दा सवाल उठ्छ, तर कार्यान्वयनमा समस्या छ' भन्नेहरूप्रति यहाँको धारणा के छ ?**

राष्ट्रियसभाले जनताका जल्दाबल्दा समस्या उठाएर कार्यान्वयनका लागि सरकारलाई ध्यानाकर्षण गरिरहेको छ । गएको एक वर्षमा जरुरी सार्वजनिक महत्व र सङ्कल्प उठाइएका गम्भीर विषयमा नौ पटक 'रुलिङ' गरेको छु । सदनमा उठेका विषयवस्तुसँग सम्बन्धित मन्त्री, सम्वन्धित मन्त्रालय र सम्वन्धित विभागले तत्काल जवाफ दिनुपर्ने भनी रुलिङ भएको छ । सदनले गर्ने भनेको त्यही हो । मन्त्री उपस्थित नभएसम्म वैठक चल्दैन भन्ने मान्यता छ । सभामा सदस्यले उठाएका विषय सम्बन्धित मन्त्रीले सात दिन भित्रमा जवाफ दिनुपर्छ भन्ने नियमावलीमा व्यवस्था छ । जनताप्रति जिम्मेवारी बोधका साथ संसदमा कुरा उठाइएको छ । सदन र संसदीय समितिमार्फत् अनुगमन र मूल्याङ्कनसहित कार्यान्वयन गर्न प्रयत्नहरु भएका छन । त्यसमा चुकेका छौँ भन्ने लाग्दैन । तर पनि हामी सरकारले गरेन भनी चुप लागेर बस्दैनौं । नयाँ तरिकाले त्यसलाई बाध्यकारी बनाउने दिशातर्फ पनि लागेका छौँ । जनताको पक्षमा काम होस् भन्ने विषयमा हामी केहींकतै चुकेका छैनौँ ।

**मुलुकमा भ्रष्टाचार बढेको तथा सुशासन प्रवर्धन हुन नसकेको पक्षमा यहाँको दृष्टिकोण के हो ?**

नेपाल लोकतान्त्रिक, गणतान्त्रिक मुलुक हो । जनतालाई अभिव्यक्ति स्वतन्त्रता छ । जनतालाई सूचना हक प्रयोग गर्ने अधिकार पनि छ । संविधानमा मौलिक हक भनी सुनिश्चित गरिएको छ । त्यो पूरा नभएको कारण जनतामा कुशासनले घर ग¥यो कि भन्ने आशङ्का छ । भ्रष्टाचारको विषय आइरहेकै छ । अहिले भ्रष्टाचारसँग सम्बन्धित थुप्रै विषय उठिरहेका छन् । यी विषयमा सरकार आफैं गम्भीर हुनुप¥यो । होइन भने प्रमाणसहित जनतालाई आश्वस्त पार्नुप¥यो । यदि हो भने कारवाही गर्नुप¥यो । यो एउटा सांसद् वा राष्ट्रियसभाको मात्र विषय होइन । महिला हिंसा, छाउपडी, दलितमाथिको विभेद, बलात्कार, हत्याजस्ता जनताको अधिकारसँग जोडिएका अरु सबै विषयमा राष्ट्रियसभाले उठाइ रहेको छ । यो विषयमा सरकार जिम्मेवार बन्नुप¥यो । जुनसुकै सरकार किन नहोस् जनताको आवाज सुनिरहने तर कार्यान्वयन नगर्ने हो भने व्यथिति र भ्रष्टाचार छैन भन्ने आधार हुँदैन । ७५ बर्षको ज्येष्ठ नागरिक चार हजार रुपैँया भत्ताको लागि दुई दिनको बाटो हिँडेर जानुपर्ने अवस्थाले सुशासनमाथि प्रश्न उठाइरहेको छ । त्यो सामाजिक सुरक्षा हो कि सजायँ भन्ने प्रश्न हो । रासस

# आवासीय चिकित्सकको भत्ता र सुरक्षाको मागमा देशभर आन्दोलन

**मधेशदृष्टि**
**काठमाडौं ।**
चिकित्सा शिक्षा आयोगको १६औं बैठकको निर्णयअनुसार आवासीय चिकित्सकले प्राप्त गर्नुपर्ने निर्वाह भत्ता अझै नपाएको भन्दै नेपाल चिकित्सक संघको नेतृत्वमा मुलुकभरका चिकित्सकहरू आन्दोलित बनेका छन् । यसै क्रममा बिहीबार संघले काठमाडौंस्थित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको घेराउ गरेको थियो ।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिल बिक्रम कार्कीले एक विज्ञप्ति जारी गर्दै आन्दोलनमा सहभागी सम्पूर्ण चिकित्सकहरूलाई धन्यवाद दिँदै अहिलेको आन्दोलन भत्ताको अन्याय, प्रशासनिक धम्की र राज्यको उपेक्षाविरुद्ध भएको बताएका छन् ।

'आवासीय चिकित्सकहरूले महिनौंदेखि आफूलाई दिनुपर्ने निर्वाह भत्ता पाएका छैनन् । उल्टै विभिन्न स्थानबाट धम्कीपूर्ण व्यवहार हुँदै आएको छ । यसकारण हामी शान्तिपूर्ण तर बलियो आन्दोलनमा उत्रिन बाध्य भएका हौं,' अध्यक्ष कार्कीले भने ।

चिकित्सक संघको भनाइमा आन्दोलनको माग यति स्पष्ट भए पनि सरकार र सम्बन्धित निकायहरूले अझै कुनै ठोस निर्णय नगरेकाले शुक्रबार पनि आन्दोलन यथावत् रहनेछ ।

संघले वैशाख १३ गतेका लागि पनि आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको छ । सोअनुसार काठमाडौं उपत्यकाभित्रका चिकित्सक तथा स्वास्थ्यकर्मीहरू बिहान ११ बजे माईतीघर मण्डलामा भेला हुने र त्यसपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय घेराउ गर्ने छन् । उपत्यकाबाहिरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरू जिल्ला प्रशासन कार्यालयहरूमा धर्ना दिनेछन् ।

संघले निजी तथा सरकारी अस्पताल, क्लिनिक, मेडिकल कलेज तथा प्रतिष्ठानहरूलाई आकस्मिक र सघन उपचार सेवाबाहेक अन्य सेवा बन्द गरी आन्दोलनमा ऐक्यबद्धता जनाउन अनुरोध गरेको छ ।

संघले जारी विज्ञप्तिमा आन्दोलनबाट सर्वसाधारणलाई पर्न सक्ने असुविधाप्रति क्षमा माग्दै त्यसको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने ठहर गरेको छ । अध्यक्ष कार्कीले भने, 'हामी जनताको सेवामा समर्पित छौं ।

तर, जब सेवा दिनेलाई नै सम्मान, सुरक्षा र न्यूनतम सुविधा पाइँदैन त्यसपछि हामी बोल्न र उभिन बाध्य हुन्छौं ।'

संघले नागरिक समाज, पत्रकार, मानव अधिकारकर्मी तथा आम जनसमुदायलाई आन्दोलनमा सहयोग र ऐक्यबद्धता जनाउन अनुरोध गरेको छ ।

# दुई नापी कार्यालयमा लागू भएन मेरो कित्ता

**आरके श्रीवास्तव**
**गरुडा ।**
रौतहटको दुई नापी कार्यालयमा 'मेरो कित्ता' प्रणाली अझै लागू हुनसकेको छैन । चार ठाउँ गौर, गरुडा, मौलापुर र चन्द्रपुरमा नापी कार्यालयको सेवा केन्द्र छ । तीमध्ये दुई ठाउँ चन्द्रपुर र मौलापुरमा मात्रै 'मेरो कित्ता' लागू भएको छ ।

सरकारले घरमै बसेर नापी कार्यालयको काम मेरो कित्ताबाट गर्न सकिने व्यवस्था शुरु गरेको थियो । घरमै बसेर आफ्नो जग्गाको नक्सा हेर्न, फिल्डबुक र प्लट रजिष्टर प्रिन्ट गर्न सकिने मेरो कित्ताको शुभारम्भ गरिएको थियो । डिजिटल नेपालको अवधारणालाई मूर्तरुप दिन नेपाल ल्यान्ड इन्फरमेसन सिस्टम (नेलिस) र मेरो कित्ता नामको अनलाइन प्रणालीको लागू गरिएको थियो ।

नेलिस नापनक्सा कार्यबाट संकलित विवरण (डेटा) को प्रयोगबाट जग्गा दर्ता तथा नक्सा अद्यावधिक गर्ने प्रणाली हो भने मेरो कित्ता अनलाइनमार्फत घरमै बसेर नक्सा, फिल्डबुक र प्लटरजिष्टर प्रिन्ट गर्ने सक्ने प्रणाली हो ।

यस विषयमा नापी कार्यालय गरुडाका प्रमुख इ.यशवन्त सिंहले भने, 'यो प्रणाली लागू गर्ने सरकारको हातमा हुन्छ । सरकारको निती अनुसार नेलिस प्रणाली लागू भएपछि मात्रै मेरो कित्ता सुचारु हुने हो ।' उनले भने, 'यस वर्ष यो प्रणाली लागू गराउन पहल गर्दैछौं । सम्भवतः यस वर्षदेखि गरुडामा लागू हुनेछ ।'

उता नापी कार्यालय गौरका प्रमुख मोहन महासेठले भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले हरेक वर्ष नेलिस सिस्टम लागू गर्न बजेट छुट्टयाउने गरेको बताए । उनले भने, 'मन्त्रालयले नै कुन नापी कार्यालयमा यो प्रणाली लागू गर्ने निर्धारण गर्ने गर्दछ । यो हाम्रो हातमा हुँदैन । यसका लागि हामी पहल गर्दैछौं ।'




नापी विभागको वेबसाइट वा गुगलमा मेरो कित्तामा गएर लगइन गरी नक्सा निकाल्न सक्ने छिटो, छरितो प्रविधि हो । यो लागू भयो भने सेवाहग्राही धेरै लाभान्वित हुने छन् । तर दुर्भाग्यवश गरुडा र गौर क्षेत्रका जनप्रतिनिधि र नेताहरुको ध्यान नै छैन । नापी कार्यालय स्थापनाको वर्षौँ बितिसक्दा पनि यो प्रणाली लागू गराउन कसैले पहल नै नगरेको देखिँदैन । बजेट चलाउनमा मस्त जनप्रतिनिधिको ध्यान कहिले जाला ? यसलाइ चाँडो भन्दा चाँडो लागु गर्न स्थानीयले माग गरेका छन् ।

# सीमामा उच्च सतर्कता

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको जम्मू–कश्मिरको पहलगामस्थित बायसरनमा भएको हमलापछि भारत–नेपाल सीमामा उच्च सतर्कता अपनाइएको छ । वीरगंजसँग जोडिएको सीमावर्ती भारतीय शहर रक्सौलको खुला सीमा क्षेत्रभर सुरक्षा व्यवस्था कडा पारिएको छ भने सीमावर्ती क्षेत्रमा गस्ती बढाइएको छ ।

निगरानीका लागि ड्रोन र सिसिटिभी क्यामेराको समेत प्रयोग भइरहेको छ । यस्तै, एसएसबीको तालिमप्राप्त कुकुर टोली (डग स्क्वाड) लाई समेत सुरक्षामा परिचालन गरिएको छ ।

भारतको बिहार राज्यको मधुबनीमा २४ अप्रिलमा हुने प्रधानमन्त्री नरेन्द्र मोदीको आमसभा तथा पहलगाम हमलालाई मध्यनजर गर्दै उच्च सतर्कता जारी गरिएको बताइएको छ ।

# मधेश प्रिमियर लिग उपाधि मिथिला वारियर्सलाई

**उमेश कुमार साह**
**सप्तरी ।**
राजविराजमा सञ्चालित मधेश प्रिमियर लिग (एमपिएल) क्रिकेट तेस्रो संस्करण प्रतियोगिताको उपाधि मिथिला वारिर्यसले जितेको छ । बिहीबार पविमावि खेलमैदानमा मिथिला वारियर्स र बलानबिहुलबीच भएको फाइनलमा मिथिला वारियर्सले बलान बिहुललाई ५ विकेटले पराजित गर्दै मिथिला उपाधिमाथि कब्जा जमाएको हो ।

मधेश प्रदेश सरकारको सहयोगमा सञ्चालित प्रतियोगिताको फाइनल खेलमा टस जितेर बलान बिहुलले १९ ओभर ३ बलमा सबै विकेट गुमाएर १ सय ५३ रनको योगफल खडा गरेको थियो । जसमा राष्ट्रिय खेलाडी विवेक यादवले २ चौका र ४ छक्काको मदतले सर्वाधिक ४५ रन, लोकेश बमले ४१ रन, सुजन थपलियाले २८ रन, फिर्दोष अन्सारीले १५ रन बनाएका थिए ।




बलिङतर्फ मिथिला वारियर्सका वसन्त खत्री ३ विकेट तथा शेर मल्ल र कुशल भुर्तेल समान २–२ विकेट र नन्दन यादवले १ विकेट हात पारेका थिए । जवाफमा १ सय ५४ रनको लक्ष्य लिई मैदानमा ओर्लेका मिथिला वारियर्सले १८ ओभर ३ बलमा ५ बिकेट गुमाएर जित हात पार्दै उपाधि जितेका छन् । जसमा राष्ट्रिय खेलाडी कुशल भुर्तेलको उत्कृष्ट ब्याटिङ गर्दै सर्वाधिक ५८ रन बनाएपछि टिम जित नजिक पुगेको थियो ।

यसैगरी अर्का ब्याटर रबि साहले ४४ रन, बसिर अहमदले २५ रन बनाएका थिए । बलिङतर्फ विवेक यादव र अरनिको यादवले समान २–२ विकेट लिएका थिए । फाइनल प्लेयर अफ दि म्याच कुशल भुर्तेल घोषित भए । प्रतियोगिताको प्लेयर अफ दि सिरिज जनकपुर सनराइजर्सका विशाल पटेल र बेस्ट ब्याटसम्यानको रुपमा आशिफ शेख घोषित भए भने वेस्ट बलरका रुपमा मिथिला वारियर्सका शेर मल्ल घोषित भए ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंह, बलानबिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव, छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यान्नद चौधरी, मिथिला प्रिमियर लिगका अध्यक्ष ई संजिव नारायण यादव, नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य आयुष श्रेष्ठलगायतले शिल्ड, कप, प्रमाणपत्र तथा विजेतालाई ९ लाख १ हजार रुपैयाँ, उपविजेतालाई ४ लाख १ हजार रुपैयाँ पुरस्कारबाट सम्मान गरे ।

# बाराका दुई युवा हेटौँडामा लागुऔषधसहित पक्राउ



**मधेशदृष्टि**
**हेटौँडा ।**
हेटौँडाको रातोमाटेमा लागुऔषधसहित बाराका दुई युवक पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बाराको पचरौता नगरपालिका वडा नम्बर ७ बेनौलीका २५ वर्षीय तिर्थलाल पासवान र त्यही गाँउका २३ वर्षीय सुनिल पटेल छन् ।

बाराको सिम्रौनगढबाट हेटौँडातर्फ जाँदै गरेको मधेश प्रदेश ०२–००१ च १४३८ नम्बरको पिकअप गाडी प्रहरीले रातोमाटेमा रोकेर चेकजाँच गरेको थियो । त्यसक्रममा गाडीको इञ्जिनभित्र लुकाएर राखिएको नेपालमा प्रतिबन्धित ट्रामाडोल हाइड्रो क्लोराइड क्याप्सुल ५७ हजार ५ सय पिस बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बरामद औषधि र गाडीससहित गाडीका चालक पासवान र सहचालक पटेललाई नियन्त्रणमा लिएर थप अनुसनधान भइरहेको प्रहरीले जनाएको छ ।

# सामाजिक सञ्जालमार्फत बेचिएका नौ बालकको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय दलालले सामाजिक सञ्जाल प्रयोग गरेर विभिन्न प्रलोभन देखाएर भारतको विहार पु-याएका ९ जना बालकलाई उद्धार गरेर अभिभावकको जिम्मा लगाइएको छ ।

भारतको पूर्वी चम्पारणमा नेटवर्किङ व्यवसायमा लगाइएका ९ नेपाली बालकसहित ५ सय ६८ जनालाई भारतीय सुरक्षा निकायको सक्रियतामा दिल्लीस्थित किङ इन्डिया गैरसरकारी संस्थाको सहयोगमा उद्धार गरेर नेपाल ल्याई अभिभावकको जिम्मा लगाइएको हो । उद्धार भएर नेपाल ल्याइएका ९ बालकको उमेर १३ देखि १७ वर्ष छ । राष्ट्रिय बालअधिकार परिषद् अन्तर्गत सञ्चालित प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्र १०४ जनकपुरधामको सहकार्यमा सम्बन्धित बालकको अभिभावकलाई प्रहरीको रोहवरमा जिम्मा लगाइएको अधिकृत सञ्जीव महतोले जानकारी दिए ।



भारतबाट उद्धार गरेर ल्याइएका बालकमा धनुषाको धनौजी गाउँपालिका वडा नम्बर ५ बौहर्वाका १३ वर्षीय सल्लाउद्दीन राईन, मिथिला बिहारी नगरपालिकाका १६ वर्षीय मुस्तुफा राईन, धनुषाधाम वडा नम्बरं २ का १७ वर्षीय लक्ष्मण कुमार मण्डल, जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० रुपैठा घर भएका १७ वर्षीय दिलसाद शेख, सोही ठाउँका १४ वर्षीय अताबुल राईन छन् ।

उद्धार गरेर अभिभावकको जिम्मा लगाइएका अन्य बालकमा महोत्तरीको जलेश्वर ७ महादेव पट्टीका रविकुमार राम, सोही जिल्लाको गौशाला नगरपालिका वडा नं. १२ का १६ वर्षीय अमरेश कुमार राम, सिरहा जिल्लाका नरहा गाउँपालिका वडा नं. १ का १७ वर्षीय रविकुमार दास र हराएर भारत पुगेका रौतहट जिल्लाको गमहरिया घर भएका १४ वर्षीय पूजन माझी छन् ।

उनीहरुलाई राम्रो काममा लगाइदिने प्रलोभन देखाएर जनही १८ हजार देखि २० हजार रकम लिनुका साथै एकले अर्कोलाई ल्याउनका लागि प्रोत्साहित गरेर नेपालबाट मगाउने काम गर्दै आएका थिए । भारतीय प्रहरीले यो कार्यमा संलग्न भएका ५ जनालाई पक्राउ गर्नुका साथै अन्य फरार भएकाको खोजी गरिरहेको किङ इन्डियाका निर्देशक नवीन जोशीले जानकारी दिए ।

# आतंकवादी हमलाको विरोधमा मैनबत्ती मार्च

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मंगलबार भारतको कश्मिरको पहलगाममा आतंककारीले पर्यटकमाथि गरेको कायरतापूर्ण आक्रमणको विरोधमा विश्व हिन्दू परिषद् नेपाल, धनुषा अध्यक्ष सन्तोष कुमार साहको नेतृत्वमा बुधबार साँझ मैनबत्ती मार्च गरिएको छ । मैनबत्ती मार्चमा ठूलो संख्यामा विश्व हिन्दू परिषद्का कार्यकर्ता र आम नागरिक सहभागी थिए ।

शहर परिक्रमापछि, मैनबत्ती मार्चमा सहभागी सबैले आतंकवादी हमलामा मारिएकाको आत्माको शान्तिको लागि जनक मन्दिरको परिसरमा एक मिनेट मौनधारण गरे र घाइतेको शीघ्र स्वास्थ्यलाभका लागि भगवानसँग प्रार्थना गरे । उल्लेखनीय छ कि मंगलबार दिउँसो पहलगामको बैसरन पर्यटकीय स्थलमा आतंककारीहरूले आधुनिक हतियारले आक्रमण गरी तीन विदेशी सहित २८ जनाको हत्या गरेका थिए । घटनामा दुई दर्जनभन्दा बढी घाइते भएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन